## कर्जन्हा नगरपालिका

# राजस्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan)

## (२०८०/८१–२०८२/८३)




## कर्जन्हा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कर्जन्हा, सिरहा

मधेश प्रदेश,नेपाल

२०८०, जेठ

**दस्तावेजः कर्जन्हा नगरपालिकाको "राजस्व सुधार कार्ययोजना (२०८०/८१–२०८२/८३)"**

**प्रकाशकः** कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सिरहा, मधेश प्रदेश, नेपाल

**सम्पर्क फोन**: +९७७-९८५२८३०५५७, ९८५२८४७१११, ०३३-४११०२४

**वेवसाइटः** https://karjanhamun.gov.np

**इमेलः** karjanhamun@gmail.com

**सर्वाधिकारः** प्रकाशकमा

**परामर्शदाताः** फेडरल डेभलपमेन्ट एण्ड रिसर्च इनिसियटिभ प्रा.लि., ललितपुर नेपाल

**प्रकाशन वर्षः** २०८०, जेठ

# विषय सूची

*आय प्रक्षेपण साराँश* ६

*भाग १: परिचय* ७

**१.१. सारांश** ७

**१.२. राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य** ७

**१.३. कार्ययोजना निर्माणको उद्देश्य** ८

**१.४. कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया** ८

१.४.१. सन्दर्भ सामग्री अध्ययन ८

१.४.२ सूचना संकलन फारम तथा औजार निर्माण ९

१.४.३ प्रारम्भिक छलफल ९

१.४.४ दस्तावेज संकलन तथा अध्ययन (कर्जन्हा नपा) ९

१.४.५ अभिमुखीकरण तथा कार्यशाला १०

१.४.६ स्थलगत अध्ययन र सूचना संकलन/विश्लेषण १०

१.४.७ मस्यौदा पेश र सुझाव संकलन ११

१.४.८ अन्तिम प्रतिवेदन पेश ११

१.४.९ कार्ययोजना दस्तावेज सार्वजनिक ११

**१.५ अपेक्षित नतिजा तथा प्रतिफल** १२

**१.६ कार्ययोजना तर्जुमाका सिमाहरुः** १२

*परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय* १३

**२.१ कर्जन्हा नगरपालिकाको सङ्क्षिप्त परिचय** १३

२.१.१ नपाको गठन र प्रशासनिक अवस्थिति १३

२.१.२ भौगोलिक अवस्थिति १३

२.१.३ धरातलीय अवस्था १३

२.१.४ घरपरिवार तथा जनसङ्ख्या १४

२.१.५ घरको स्वामित्व अनुसार वसोवास १४

२.१.६ घरको बनोट अनुसार घर संख्या १५

२.१.७ भू—उपयोगको अवस्था १५

२.१.८ सामुदायिक वन १६

२.१.९ उद्यम व्यवसाय १७

**२.२ नगरपालिकाको मानव संसाधनको अवस्था** १७

**२.३ नगरपालिकाको भौतिक/सम्पतिको अवस्था** १८

२.३.१ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था १८

२.३.२ नपाको आर्थिक स्रोत १८

*परिच्छेद ३ : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाव्यता* १९

**३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था** १९

३.१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था १९

क. गाउँ/नगरपालिकाको एकल अधिकारत्त १९

ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने रोयल्टी तथा अन्य २१

३.१.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था २२

क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था) २२

ख) राजस्व बाँडफाँट २२

ग) अनुदान २३

घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण २३

**३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था** २४

**३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण** २७

३.३.१ स्थानीय कर राजस्व २७

क) सम्पत्ती कर २७

ख) भूमिकर/मालपोत २८

ग) घरजग्गा वहाल कर २९

घ) व्यवसाय कर ३०

ङ) जडिवुटी, कवाडी, जिवजन्तु कर ३१

च) सवारी कर ३१

छ) विज्ञापन कर ३२

ज) मनोरञ्जन कर ३२

३.३.२ गैरकर राजस्व ३३

क) अन्य बिक्री बाट प्राप्त रकम (प्राकृतिक/खानीजन्य वस्तुको विक्री‘ढुङ्गा, गिट्टी, वालुवा, माटो)त्त ३३

ख) बहाल बिटौरी शुल्क ३४

ग) नक्सा पास दस्तुर (पुरानो अभिलेखीकरण सहित)त्त ३७

घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर) ३८

ङ) सिफारिश तथा प्रमाणित दस्तुर (सिफारिस र नाता प्रमाणित)त्त ३८

च) सेवा शुल्क ३९

च.१. पर्यटन स्थल ३९

च.२. फोहरमैला (सरसफाई) व्यवस्थापन शुल्कः ३९

छ) सामुदायिक वनबाट प्राप्त हुने आय ४०

ज) घरजग्गा रजिष्ट्रशन शुल्क ४०

*परिच्छेद ४: संस्थागत क्षमता तथा आय संकलन अवस्था* ४१

**४.१ राजस्व परिचालन सम्बन्धी नीति** ४१

**४.२ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना** ४१

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४१

४.२.२ राजश्व शाखा र जनशक्ति ४१

**४.३ नगरपालिकाको आन्तरिक आय परिचालन अवस्था ४२**

४.३.१ नपाको समग्र आय परिचालनको अवस्था ४२

४.३.२ आन्तरिक आयको संरचना ४७

४.३.३ कुल आयमा योगदान ४८

**४.४ राजस्व परिचालनका सवालहरू ४९**

*परिच्छेद ५: राजस्व सुधार कार्ययोजना ५१*

**५.१ राजस्व प्रशासन सुधार ५१**

**५.२ कर राजस्व सुधार योजना ५३**

**५.३ गैरकर राजस्व सुधार योजना ५४**

*परिच्छेद ६ : आगामी तीन वर्षको राजस्व प्रक्षेपण ५६*

**६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५६**

**६.२ नपाको आगामी तीन वर्षको राजस्व प्रक्षेपण ६०**

६.२.१ नपाको समग्र आय प्रक्षेपण (विस्तृतमा) ६०

*६.२. नपाको कुल आयमा आन्तरिक आयको प्रतिशत ६५*

*परिच्छेद ७ : अपेक्षित नतिजा ६८*

*७.१ प्रतिफल तहका नतिजा ६८*

*७.२ असर तहका नतिजा ६८*

*परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ६९*

*८.१ अनुगमन तथा मूल्याङ्कन ६९*

*अनुसूचीहरु ७१*

*अनुसूची–१ : सन्दर्भ सामग्रीहरू ७२*

*अनुसूची–२०: तथ्याङ्क सङ्कलन सूची ७३*

*अनुसूची–३ ०: प्रारम्भिक छलफलको उपस्थिति ८३*

*अनुसूची–४ ०: अभिमुखीकरण तथा कार्यशालाको उपस्थिति ८४*

*अनुसूची–५ ०: मस्यौदा प्रतिवेदनमा सुझाव संकलन कार्यक्रम उपस्थिति ८८*

*अनुसूची–६ ०: कार्यक्रमका तस्वीरहरु ८९*

## तालिका सूची


*तालिका (क): कर्जन्हा नगरपालिकाको सम्भाव्य आय  र आन्तरिक आयको प्रतिशत* ६

*तालिका २.१: कर्जन्हा नपा जनसङ्ख्या (२०७८)* १४

*तालिका २.२: नपामा घरको स्वामित्व अनुसार घरपरिवार संख्या* १४

*तालिका २.३: घरको बनोट र घर संख्या* १५

*तालिका २.४: भू–उपयोगको अवस्था* १६

*तालिका २.५: नपामा सामुदायिक वनको अवस्था* १६

*तालिका २.६: नपामा उद्यम व्यवसाय* १७

*तालिका २.७ : मानव संसाधनको अवस्था* १७

*तालिका २.८: नगरपालिकाको भौतिक सम्पतिको अवस्था* १८

*तालिका २.९: नपाको वर्तमान आय सारांश* १८

*तालिका ३.१ (क) : कर्जन्हा नपाको आन्तरिक आय परिचालनको अवस्था* २४

*तालिका ३.१ (ख) : कर्जन्हा नपाको आन्तरिक आय संकलनको अवस्था (रु हजार)* २५

*तालिका ३.२: सम्पत्ती करको सम्भाव्यता विवर०ढ्ढ* २७

*तालिका ३.३: भूमि कर तथा मालपोत आय सम्भाव्यता विवरण* २८

*तालिका ३.४: घर जग्गा बहाल करको सम्भाव्यता विवरण* २९

*तालिका ३.५: व्यवसाय करको सम्भाव्यता विवरण* ३०

*तालिका ३.६: सवारी करको सम्भाव्यता विवरण* ३१

*तालिका ३.७: प्राकृतिक/खानीजन्य वस्तुको विक्री' (ढुङ्गा, गिट्टी, वालुवा, माटो)* ३३

*तालिका ३.८: बहाल बिटौरी शुल्क सम्भाव्यता* ३४

*तालिका ३.९: नक्सा पास दस्तुर (पुरानो अभिलेखीकरण सहित)* ३७

*तालिका ३.१०: सिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी आय विवरण* ३९

*तालिका ३.११: फोहरमैला व्यवस्थापन शुल्क सम्बन्धी विवरण* ४०

*तालिका ४.१: स्थानीय राजस्व परामर्श समिति* ४१

*तालिका ४.२: राजश्व शाखामा कार्यरत कर्मचारी* ४१

*तालिका ४.३: नगरपालिकाको कुल आय र बृद्धि* ४२

*तालिका ४.४: नगरपालिकाको आन्तरिक आय संरचना* ४७

*तालिका ४.५: नपाको कुल आयमा आन्तरिक आयको योगदान* ४८

*तालिका ५.१: राजस्व प्रशासन सुधार योजना* ५१

*तालिका ५.२: कर राजस्व सुधार योजना* ५३

*तालिका ५.३ : गैरकर राजस्व सुधार योजना* ५४

*तालिका ६.१: सम्भाव्य आय तथा आय प्रक्षेपणका आधार* ५६

*तालिका ६.२: आगामी तीन आवको सम्भाव्य आय प्रक्षेपण* ६१


## चित्र सूची


चित्र ४.१: नगरपालिकाको आन्तरिक आय संरचना ४७

चित्र ४.२: नपाको कुल आयमा आन्तरिक आयको योगदान ४८

चित्र ६.३: आन्तरिक आय प्रतिशत (प्रक्षेपण) ६६

# आय प्रक्षेपण साराँश

## तालिका (क) ः कर्जन्हा नगरपालिकाको सम्भाव्य आय र आन्तरिक आयको प्रतिशत

*रु हजारमा*

| क्र सं | आय शिर्षक | यथार्थ | यथार्थ | यथार्थ (आषाढ १९ सम्म) | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १ | आन्तरिक आय | ६,९५८ | २६,०८३ | २८,२६१ | ५१,८५० | ५६,१६२ | ६०,८७९ |
| २ | राजस्व बाँडफाँड संघीय सरकार | ६९,१०१ | ७९,८६९ | ४६,७४८ | ९५,७३२ | १०५,३०५ | ११५,८३६ |
| ३ | राजस्व बाँडफाँड प्रदेश सरकार | २,७६७ | २,४९६ | ११,७२६ | ११,८१६ | १३,००७ | १४,३१८ |
| ४ | अनुदान तथा वित्तिय हस्तान्तरण संघीय सरकार | २५१,२६७ | ३०४,५८० | ३०२,०२० | २७९,५०० | ३०२,२१० | ३२६,९२९ |
| ५ | अनुदान तथा वित्तिय हस्तान्तरण प्रदेश सरकार | २०,१६५ | १७,६४७ | ८,४६४ | १३,४६४ | १४,३८७ | १५,३८२ |
| ६ | अन्य आन्तरिक अनुदान | - | - | - | - | - | - |
| | जम्मा | ३५०,२५८ | ४३०,६७५ | ३९७,२१९ | ४५२,३६२ | ४९१,०७१ | ५३३,३४३ |
| | कुल आयमा आन्तरिक आयको योगदान - प्रतिशत_ | १.९९ | ६.०६ | ७.११ | ११.४६ | ११.४४ | ११.४१ |

*स्रोतः कर्जन्हा नपाको राजस्व शाखा, आर्थिक प्रशासन शाखा र कार्यशाला समूह छलफल, २०८०*

***नोटः*** *यस प्रक्षेपणमा नगद मौज्दात र सामाजिक सुरक्षा वाहेकका नपाको नियमित आय मात्र समावेश गरिएको छ।*

# भाग १ः परिचय

## १.१. सारांश

कर्जन्हा नगरपालिका (नपा) सिरहाले प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेशको सहयोगमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना (२०८०/८१–२०८२/८३) तर्जुमा गरेको छ। नपाले परामर्शदाता फेडरल डेभलपमेन्ट एण्ड रिसर्च इनिसियटिभ प्रा.लि., ललितपुर को परामर्श सहयोगमा यो कार्ययोजना तयार गरेको हो । कार्ययोजनाले नगरपालिकाको राजस्व तथा राजस्व प्रशासनसम्बन्धी तथ्यांक सङ्कलन, विश्लेषण गरी सम्भाव्य राजस्वको आकार आँकलन गर्न, विद्यमान आयमा सुधारका लागि गर्नुपर्ने कार्यहरु पहिचान गर्न र आगामी दिनमा आय प्रक्षेपण गर्न सह सहयोग गर्नेछ । यसका अतिरिक्त, यस कार्ययोजनामा नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण गरिनेछ, जसले नपाको आगामी वर्षहरुको आय बजेट तयार गर्न, संघीय सरकार तथा प्रदेश सरकारमा अनुमान प्रक्षेपण गर्न र आय वृद्धि गर्न सहयोग गर्ने विश्वास लिइएको छ ।

## १.२. राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपालमा वित्तीय सङ्घीयतालाई दिगो बनाउने उद्देश्यसहित सङ्घीय व्यवस्थाको स्थापनापश्चात् स्थानीय तहहरुलाई संवैधानिक रुपमै राजस्व अधिकारहरु हस्तान्तरण गरिएको छ र यसअन्तर्गत एकल तथा साझारुपमा कर संकलन गर्न सक्ने व्यवस्थाका अतिरिक्त वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँट र ऋण लिन सक्ने व्यवस्था गरिएको छ । स्थानीय तहमा हस्तान्तरित राजस्व अधिकारको कार्यान्वयन वित्तीय संघीयताको मूल मर्मका रुपमा रहेको हुँदा स्थानीय तहको राजस्व क्षमता सुदृढ गर्नु नेपालमा वित्तीय सङ्घीयताको सफल कार्यान्वयनका लागि अपरिहार्य रहेको छ ।

यसका अलावा, स्थानीय तहको राजस्व क्षमता सुदृढीकरणले स्थानीय तहको राजस्वलाई विधिसम्मत् एवम् आकार वृद्धिसमेत गर्न सघाउ पु्र्याउने हुँदा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि समेत यो कार्य महत्वपूर्ण रहेको छ । स्थानीय तहलाई आन्तरिक आय संकलन तथा परिचालनका लागि उल्लेख्य अधिकार प्राप्त भए पनि स्थानीय तहहरुले अधिकारको पूर्णरुपमा उपयोग गरी स्थानीय श्रोत संकलन तथा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारण त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना तथा अभ्यासको कमी रहेको छ । साथै आन्तरिक आय संकलनमा वृद्धि तथा कमीबाट हुन सक्ने तत्कालीन तथा दीर्घकालीन असर तथा फाईदाका वारेमा जानकारी तथा समान वुझाईको कमि समेत रहेको छ ।

माथि उल्लेखित अवस्था सुधारका लागि स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय तहको आन्तरिक आय सम्बन्धी व्यवस्था तथा प्रावधानबारे अभिमुखीकरण आवश्यक देखिएको छ । यसका साथै स्थानीय तहको आन्तरिक आय सम्बन्धी सम्भाव्यता अध्ययन तथा प्रक्षेपण समेत अत्यावश्यक रहेको देखिन्छ । यसै कार्यमा सहजीकरण तथा सहयोगका लागि संघीय सरकारले गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ समेत जारी गरेको छ ।



Federal Development & Research Initiative Pvt. Ltd. • Nepal • 2077

यसै परिवेशमा, कर्जन्हा नगरपालिका, सिरहाले आफ्नो अधिकार क्षेत्रभित्रका आयका श्रोत तथा दायरा पहिचान गरी आन्तरिक आय प्रक्षेपण गरेको छ। यस प्रकृयामा नपाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई आय परिचालन सम्बन्धमा अभिमुखीकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक व्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सो को सम्भाव्यता पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा हुने विश्वास लिइएको छ । कार्ययोजनामा राजस्व सुधार कार्ययोजना र आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण सहितको प्रतिवेदन पेश गरिनेछ ।

## १.३. कार्ययोजना निर्माणको उद्देश्य

यस राजस्व सुधार कार्ययोजना तर्जुमाको समग्र उद्देश्य कर्जन्हा नगरपालिकाको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र ३ आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण गर्नु हो । यसका अन्य विष्तृत उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- नपाको आन्तरिक आय परिचालन तथा व्यवस्थापनका वर्तमान अवस्थाको विश्लेषण गर्ने,
- आन्तरिक आय परिचालन तथा व्यवस्थापनका विभिन्न समस्या तथा वाधाहरु पहिचान गर्ने र समाधानका उपायहरु सिफारिस गर्ने ।
- नपाको आन्तरिक आय तथा राजस्वका विभिन्न स्रोतहरुरुको लेखाजोखा गर्ने र वृद्धिका सम्भावनाहरुको पहिचान गर्ने,
- नपाको आन्तरिक राजस्व सुधार रणनीति र सो रणनीतिका आधारमा वृद्धिका उपाय र कार्ययोजना तयार गर्ने,
- आगामी तीन आर्थिक वर्षका लागि नपाको राजस्व अनुमान तथा प्रक्षेपण गर्ने
- नपाको आन्तरिक आय तथा राजस्व वृद्धिका लागि व्यावहारिक तथा विशिष्ठ सुझावहरु प्रदान गर्ने ।

## १.४. कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

### *१.४.१. सन्दर्भ सामग्री अध्ययन*

यस चरणमा स्थानीय तहको राजस्व अधिकार र राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दस्तावेजहरु अध्ययन गरिएको छ । गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तहको राजस्व वृद्धि सम्बन्धी योजनाको अध्ययन गरिएको छ ।

यस क्रममा अध्ययन अध्ययन/पुनरावलोकन गरिएका अन्य प्रमुख सामग्री तथा विषयवस्तुहरु देहायअनुसार रहेका छन्:

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | - राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखि २३० सम्म) |
| | - स्थानीय आर्थिक प्रणाली (भाग १९ :: धारा २२८ देखी २३० सम्म) |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| | - संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | - गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३) |
| | - गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेदः ९) |
| | - गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | - राजस्वको अधिकार (परिच्छेदः २) |
| | - राजस्वको बाँडफाँड (परिच्छेदः ३) |
| | - अनुदानको व्यवस्था (परिच्छेदः ४) |
| | - वैदेशिक सहायता तथा ऋण (परिच्छेदः ५) |
| | - आय व्ययको प्रक्षेपण गर्ने (दफा १८) |
| | - राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) |
| | - वित्तिय अनुशासन (परिच्छेदः ८) |
| | - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) |

### *१.४.२ सूचना संकलन फारम तथा औजार निर्माण*

यस चरणमा परामर्शदाताबाट कार्ययोजना तर्जुमा सम्बन्धी सर्वेक्षणका लागि सूचना संकलन फारम तथा औजार निर्माण गरिएको छ। प्रश्न तथा सूचना फारमहरु दिग्दर्शन २०७६ को आधारभित्र रहेर तयार गरिएको छ । विस्तृत विवरण ***अनुसूची १*** मा संलग्न छ ।

### *१.४.३ प्रारम्भिक छलफल*

कार्ययोजना तर्जुमा प्रयोजनका लागि २०८० वैशाख ०९ गते प्रारम्भिक बैठक/छलफल सम्पन्न गरिएको छ । बैठकमा परामर्शदातावाट सर्वेक्षणको अवधारणा एवम् प्रकृयाबारे प्रस्तुती गरियो र सर्वेक्षणका लागि कार्यसूची पेश गरियो । बैठकवाट प्रस्तुत कार्यसूचीमा छलफल पश्चात् अनुमोदन गरियो र सबैले आवश्यक सहयोग तथा सहजिकरण गर्ने सहमति गरियो । कार्यक्रममा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नपाका शाखा प्रमुख तथा प्रतिनिधिहरु र परामर्शदाता कम्पनीका प्रतिनिधि सहित ११ जनाको उपस्थिति रह्यो ।

### *१.४.४ दस्तावेज संकलन तथा अध्ययन (कर्जन्हा नपा)*

यस चरणमा कार्ययोजना तर्जुमा प्रयोजनका लागि कर्जन्हा नपाको दस्तावेजहरु संकलन तथा अध्ययन गरिएको छ। संकलन तथा अध्ययन गरिएका नपाका दस्तावेजहरु देहाय अनुसार रहेका छन्:

| नपाका दस्तावेजहरु | अध्ययनको विषय क्षेत्र |
|---|---|
| आर्थिक ऐन | नगरपालिकाको चालु आ.व. २०७९/८० सहित विगत तीन वर्षको आर्थिक ऐनहरु |

| नपाका दस्तावेजहरु | अध्ययनको विषय क्षेत्र |
|---|---|
| आय विवरण | नगरपालिकाको चालु आ.व. २०७९/८० को अनुमान र विगत तीन वर्षको यथार्थ आय विवरण (सबै शिर्षक सहित विष्तृतमा) |
| योजना तथा कार्यक्रम | नगरपालिकाको आ.व. २०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रम र आर्थिक एवम् वित्तीय नीतिहरू |
| वस्तुस्थिति विवरण | नगरपालिकाको जनसङ्ख्या, घरधुरी सङ्ख्या, प्रकार/बनोटअनुसार घरहरूको सङ्ख्या, घरजग्गा बहालको अवस्था, भू–उपयोगको अवस्था, उद्योग व्यवसायको अवस्था, प्राकृतिक स्रोत साधनहरु आदि सम्बन्धी विवरण । |

### *१.४.५ अभिमुखीकरण तथा कार्यशाला*

२०८० जेठ ९ र १० गते (विहान ७ बजे देखि १२ बजे) राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धमा अभिमुखिकरण तथा कार्यशाला संचालन गरिएकोछ। नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरुको रहभागितामा संचालिन सो कार्यशालामा राजस्व सुधार कार्ययोजनाका सम्बन्धी अवधारणा तथा प्रकृयावारे अभिमुखिकरण गरिएकोछ । साथै सोही कार्यक्रममा नपामा आन्तरिक आयको वर्तमान अवस्था र सम्भावना समेत छलफल तथा प्रस्तुती गरिएकोछ ।कार्यशालामा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका, राजस्व परामर्श समिति, वडा सचिव तथा सम्बन्धित कर्मचारी र परामर्शदाता सहित ३५ जनाको सहभागिता रहेको थियो। कार्यशाला गोष्ठीको प्रारम्भमा औपचारिक सत्र, मध्यमा प्राविधिक सत्र र अन्तिममा पुनः औपचारिक सत्रसहित कार्यक्रम सञ्चालन गरिएको थियो ।

प्राविधिक सत्रको सुरुआतमा प्राविधिक टोलीका टोली नेताले राजस्व सुधार कार्ययोजनाको उद्देश्य, राजस्व सुधार कार्ययोजनाको परिचय, आवश्यक तथा महत्व, यसबाट हुने उपलब्धी, राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया, राजस्व सुधार कार्ययोजनाको विषयवस्तु, स्थानीय सरकारका कर अधिकार क्षेत्रहरू, राजस्व सुधारका क्षेत्रहरू पहिचान, राजस्व विश्लेषण (दर, दायरा तथा व्यवस्थापनको अध्ययन), करका आधारहरू, करका दर निर्धारणका प्रक्रियाहरू, राजस्व प्रशासनलाई प्रभावकारी बनाउने उपायहरू, आयका प्रकार लगायतका विषयमा प्रकाश पार्नुभएको थियो ।

दोस्रो प्राविधिक सत्रमा समूह तथा प्लेनरीमा छलफल गरी नगरपालिकाले निर्धारण गरेको विद्यमान दररेट, करतर्फ सुधार गर्नुपर्ने पक्ष, गैरकरतर्फका सुधार पक्ष तथा राजस्व प्रशासनमा सुधार गर्नुपर्ने विषयहरूका बारेमा छलफल गरिएको थियो। यसपश्चात् नगरपालिकाका तर्फबाट पुनः औपचारिक सत्र सञ्चालन गरी एकदिने कार्यक्रमलाई विधिवत् रुपमा समापन गरिएको थियो ।कार्यशालामा डेस्क अध्ययनबाट प्राप्त जानकारी, तथ्यांक तथा अन्य प्राविधिक पक्षहरूबारे सहभागितामूलक तरिकाले छलफल गरी राजस्व सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरिएको थियो ।

### *१.४.६ स्थलगत अध्ययन र सूचना संकलन/विश्लेषण*

यस चरणमा स्थानीय स्तरमा उपलब्ध प्राथमिक तथा द्वितीय दुवै स्रोतको सन्दर्भ सामग्रीहरूको सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो ।साथै कार्ययोजना तर्जुमा सम्बन्धी तोकिएको ढाँचामा विभिन्न स्थलगत अध्ययन तथा सरोरकारवालाहरु संग परामर्श गरिएको छ। नगरपालिकाको गत ३ वर्षको आय विवरण, चालु आर्थिक वर्षको

आर्थिक ऐन तथा त्यसको कार्यान्वयन अवस्था सम्बन्धी सूचना सङ्कलन गरी राजस्व विश्लेषणको आधार तयार गरिएको थियो ।राजस्व परामर्श समितिका पदाधिकारी, राजस्व एकाइका कर्मचारी तथा अन्य सूचना प्रदायकहरूसँग छलफल गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो । यसका अतिरिक्त नगरपालिकाका विभिन्न शाखा/एकाइहरूका अभिलेखहरूबाट चालु वर्षको आर्थिक ऐन तथा वार्षिक बजेट, नगरपालिकाको वस्तुगत विवरण, कर्मचारी विवरण तथा संगठन संरचना, आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण, आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू तथा घरजग्गा, व्यवसाय, सार्वजनिक स्थान तथा तिनमा निर्मित संरचना, घरजग्गा वहालको अवस्था, नगरपालिकाबाट निर्माण/सञ्चालन गरेका सेवा वा संरचनाहरू, विज्ञापन सामग्री, प्राकृतिक स्रोतलगायत नगरपालिकालाई राजस्व प्राप्त हुने अन्य क्षेत्रहरूका बारेमा आवश्यक सूचना, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ ।

### *१.४.७ मस्यौदा पेश र सुझाव संकलन*

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यशाला, परामर्श, स्थलगत अध्ययन र सूचना संकलन तथा विश्लेषण पश्चात परामर्शदाता कम्पनीवाट नपामा कार्ययोजनाको मस्यौदा प्रतिवदेन (दस्तावेज) पेश गरिएको छ । पेश दस्तावेजमा स्थानीय राजस्व परामर्श समितिवाट सुझाव तथा मार्गदर्शन प्राप्तिका साथै मस्यौदामा सुझाव तथा छलफल कार्यक्रम आयोजना गरिएको छ । २०८० आषाढ ०३ गते आयोजित सो कार्यक्रममा कार्ययोजना तर्जुमा सम्बन्धी कार्यको प्रगती प्रस्तुती, छलफल र सुझाव प्रदान गरिएको गरियो। छलफलमा समिति र नगर प्रमुख सहित ११ जनाको सहभागिता रहेको थियो ।नपामा राजस्व सुधारको आवश्यकता अनुरुप पहिचान गरिएका संभावित क्षेत्रहरु र न्यूनतम राजस्व वृद्धिको दरबारे सम्बन्धित पक्षहरुको सुझाव संकलन गर्ने र प्राप्त सुझावलाई आन्तरिकीकरण गरी मस्यौदा परिमार्जन गर्ने सहमति गरियो ।

### *१.४.८ अन्तिम प्रतिवेदन पेश*

नपा तथा स्थानीय राजस्व परामर्श समितिको सुझाव प्राप्ति पश्चात राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन (दस्तावेज) परामर्शदातावाट नपामा पेश गरिएको छ । कार्ययोजनाको मस्यौदामा आवश्यक सल्लाह सुझाव प्राप्त भइसकेपश्चात् प्राप्त सल्लाह सुझावहरूलाई समेत समावेश गरी तयार गरिएको मस्यौदामा परामर्शदातृ संस्थाले सम्बन्धित विज्ञहरूबाट पुनरावलोकन गराई मस्यौदामा परिमार्जन गरि नपामा पेश गरिएको थियो ।

### *१.४.९ कार्ययोजना दस्तावेज सार्वजनिक*

स्थानीय राजस्व परामर्श समिति र कार्यपालिकावाट स्विकृति पश्चात नपाले,

- राजस्व सुधार कार्ययोजनालाई सरोकारवालाहरुमा सार्वजनिकीकरण गर्नेछ ।
- अन्तिम प्रतिवेदन (दस्तावेज) लाई आफ्नो वेबसाइटमा अपलोड गराउनेछ ।
- प्रत्येक वर्ष यसै कार्ययोजनाको आधारमा आय प्रक्षेपण र सुधारका लागि सिफारिस गरिएका कार्ययोजनाहरु कार्यान्वयन गर्ने गराउनेछ ।

Federal Development & Research Initiative Pvt. Ltd. Nepal 2077

## १.५ अपेक्षित नतिजा तथा प्रतिफल

प्रस्तावित कार्य पश्चात देहाय अनुसार नतिजा तथा प्रतिफल अपेक्षा गरिएकोछ,

- नपाको राजस्व सुधार कार्ययोजना तयार सहित ३ वर्षको आय प्रक्षेपण गरिएको हुनेछ ।
- कार्ययोजनाको उपयोग पश्चात नपाको आन्तरिक आयको दायरा र आय वृद्धि भएको हुनेछ।

## १.६ कार्ययोजना तर्जुमाका सिमाहरुः

- कार्ययोजना तर्जुमा क्रममा नगरपालिकाको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई मुख्य श्रोतको रुपमा लिइएको छ।
- नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंँग भएको छलफल तथा विद्युतीय माध्यमबाट प्राप्त सूचनाहरूमा आधारित रही समेत कार्ययोजना तर्जुमा गरिएको छ ।
- कार्ययोजना तर्जुमा सम्बन्धी कार्यविधिमा तोकिएको फाराम अनुसार तथ्याङ्कहरू कार्यालयको अभिलेख तथा आंशिक स्थलगत अध्ययन तथा परामर्श बाट सङकलन गरिएको छ ।
- तथ्यांक संकलनको लागि विस्तृत छुट्टै स्थलगत सर्भेक्षण नगरिएको र विभिन्न शीर्षकमा राजस्वको सम्भावना आँकलन गर्न सान्दर्भिक तथ्याङ्क जस्तो कि कुल घरधुरीको सङ्ख्या, खेती गरिएको जमिनसम्बन्धी तथ्याङ्क, व्यवसाय आदिहरु राष्ट्रिय जनगणना २०७८ र नगरपालिकाको वस्तुगत विवरणमाध्ययमवाट प्राप्त गरिएको । साथै यी तथ्याँक तथा सूचनाहरु कार्यशालामा प्रस्तुत गरेर छलफल तथा सहमति गरिएको ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र मूल्यांकन दरमा हुने वृद्धि आदिले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्धताको अभावमा आय प्रक्षेपणमा आधारको प्रयोग नगरिएको ।

# परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नपाको भौगोलिक, प्रशासनिक, घरपरिवार तथा जनसङ्ख्या र समाजिक तथा आर्थिक विषयसंग सम्बन्धित विवरणहरु प्रस्तुत गरिएको छ ।

## २.१ कर्जन्हा नगरपालिकाको सङ्क्षिप्त परिचय

### *२.१.१ नपाको गठन र प्रशासनिक अवस्थिति*

सिरहा जिल्लाका ८ नगरपालिका र ९ गाउँपालिका गरी १७ वटा स्थीय तह मध्ये कर्जन्हा नगरपालिका एक हो। यो नगरपालिका संघीय प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र नं् ४ मा पर्दछ। त्यसैगरी प्रदेश सभा निर्वाचन प्रयोजनका लागि जिल्ला भरीका ८ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ४ (१) अन्तरगत पर्दछ । सुरुवातमा वि.सं २०७३ सालमा साविक कर्जन्हा, बडहरामाल, कल्याणपुर, कालाबञ्जर र गौताडी गाउँ विकास समिति (गाविस) समावेश गरी कर्जन्हा नगरपालिका (नपा) गठन गरिएको थियो । यस नपालाई ११ वडामा विभाजन गरिएको छ ।

### *२.१.२ भौगोलिक अवस्थिति*

कर्जन्हा नगरपालिका २६ डिग्री ४८ मिनेट ४१ सेकेण्ड उत्तर देखि २६ डिग्री ५६ मिनेट ६ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ८ मिनेट ० सेकेण्ड पूर्व देखि ८६ डिग्री १४ मिनेट ५७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । जुन सिरहा जिल्लाको सिरहा देखि करिव ३४ किमि दुरीमा अवस्थित छ । ११ वडामा विभाजित यो नपाको कुल क्षेत्रफल ७६.८३ वर्ग कि.मि. रहेको छ ।यसको पूर्व तर्फ सिरहा जिल्लाको मिर्चैया नगरपालिका, दक्षिण तर्फ कल्याणपुर नगरपालिका र उत्तरमा उदयपुर जिल्ला सँग सिमाना जोडिएको छ । पश्चिममा भने कमला नदीले धनुषा जिल्ला सँगको सीमाना छुट्याएको छ।

### *२.१.३ धरातलीय अवस्था*

यस नगरपालिकामा समथर भूभाग, चुरे क्षेत्र तथा केही भाग नदीको बगरले ओगटेको छ । यस नगरपालिकामा बसोबास योग्य क्षेत्र सहितको उर्वर खेतीयोग्य जमिन लगायत सबै वर्गको जमीन रहेको छ । सामान्यतया यस क्षेँत्रमा बलौटे किसिमको माटो रहेको देखिन्छ । नपाका विभिन्न वडामा भएका जग्गाहरु अब्बल, दोयम, सिम र चाहार वर्गका छन् । सबै भन्दा धेरै २०५० बिगहा जग्गा दोयम वर्गमा पर्दछ । त्यसपछि क्रमशः सीम, चाहार अब्बल दर्जाको जमिन रहेको छ । नपाको कुल क्षेत्रको ३५.६९ प्रतिशत वनक्षेत्र र ५९ प्रतिशत खेतीयोग्य भूभाग रहेको नपाको वस्तुगत विवरण २०७५ मा उल्लेख छ ।

## २.१.४ घरपरिवार तथा जनसङ्ख्या

यस नपाको जनसंख्या करिव ४० हजार रहेको देखिन्छ । जनगणना २०७८ को प्रतिवेदन अनुसार कर्जन्हा नपाको घरपरिवार ८२८९ र जनसंख्या ३८५५७ रहेको पाइन्छ, जसमा १९९०८ महिला र १८६४९ पुरुष रहेका छन्। जनगणना २०६८ अनुसार नपाको कुल घरपरिवार ६०८८ र जनसंख्या ३०९६७५ रहेको थियो। यसै गरी घरपरिवार सर्वेक्षण २०७५ अनुसार तत्कालिन कुल जनसंख्या ३१३५८ जना मध्ये ३१.३८ प्रतिशत तराई अन्य, २७.२० प्रतिशत तराई दलित, १९.८२ प्रतिशत तराई आदिवासी जनजाती, ७.२९ प्रतिशत तराई वा्रह्मण क्षेत्री, ४.६२ प्रतिशत मुस्लीम, ३.९२ प्रतिशत पहाडी व्राह्मण क्षेत्री, ०.९३ प्रतिशत पहाडी दलित र ०.२५ प्रतिशत पहाडी अन्य रहेका छन् ।हालको जनसंख्या सम्बन्धी विष्तृत विवरण देहाय अनुसार प्रस्तुत छः

**तालिका २.१ः कर्जन्हा नपा जनसङ्ख्या (२०७८)**

| वडा नं | घरपरिवार संख्या | पुरुष जनसंख्या | महिला जनसंख्या | अन्य जनसंख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ६१० | १२५८ | १४५१ | NA | २७०९ |
| २ | १०७७ | २४८३ | २५६२ | NA | ५०४५ |
| ३ | ९६५ | २१३४ | २२९४ | NA | ४४२८ |
| ४ | ६८१ | १३९८ | १४८३ | NA | २८८१ |
| ५ | ५५७ | १२६१ | १३४२ | NA | २६०३ |
| ६ | ९४९ | २१३३ | २१९० | NA | ४३२३ |
| ७ | ८८१ | २०१७ | २१३६ | NA | ४१५३ |
| ८ | ६२७ | १४१९ | १६५१ | NA | ३०७० |
| ९ | ५३१ | १२३३ | १३४४ | NA | २५७७ |
| १० | ७५६ | १७८६ | १८८६ | NA | ३६७२ |
| ११ | ६५५ | १५२७ | १५६९ | NA | ३०९६ |
| **जम्मा** | **८२८९** | **१८६४९** | **१९९०८** | NA | **३८५५७** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.५ घरको स्वामित्व अनुसार वसोवास

जनगणना २०७८ अनुसार यस नपामा कुल घरपरिवार मध्ये ८१६६ घरपरिवार आफ्नै घरमा वस्ने गरेको तथ्याँक रहेको छ ।बाँकी घरपरिवार मध्ये ८९ भाडामा, ७ संस्थागत र २७ अन्य तरीकाले वसेको जानकारी रहेको छ ।यस सम्बन्धी विष्तृत विवरण देहाय अनुसार तालिकामा प्रस्तुत छः

**तालिका २.२ः नपामा घरको स्वामित्व अनुसार घरपरिवार संख्या**

| कुल घरपरिवार | स्वामित्वको प्रकार | | | | थप जानकारी |
|---|---|---|---|---|---|
| | आफ्नै स्वामित्व | भाडामा | संस्थागत | अन्य | |
| ८२८९ | ८१६६ | ८९ | ७ | २७ | नपाको वस्तुगत विवरण २०७५ अनुसार नपा क्षेत्रमा करिव १७३४ घरपरिवार |

| कुल घरपरिवार | | स्वामित्वको प्रकार | | | थप जानकारी |
|---|---|---|---|---|---|
| | आफ्नै स्वामित्व | भाडामा | संस्थागत | अन्य | |
| | | | | | सुकुम्वासी रहेको (भूमिहिन तथा सरकारी ऐलानी जमिनमा वसोवास गर्ने) । |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## *२.१.६ घरको बनोट अनुसार घर संख्या*

राष्ट्रिय जनगणना २०७८ अनुसार घरको बनोट  घरको बनोट अनुसार घर संख्या देहाय अनुसार रहेको छः

**तालिका २.३ः घरको बनोट र घर संख्या**

| वडा नं | आर.सि.सि. फ्रेम स्टक्चर (सबै तल्लाको औषत) | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो — आर.सि.सि. छाना, तथा जस्ता टायल छाना (सबै तल्लाको औषत) | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | काठको खाँवा सहित | अन्य घर |
|---|---|---|---|---|---|
| १ | १९२ | ६३ | ५ | ३४९ | १ |
| २ | १९२ | ५०७ | १३१ | २४६ | १ |
| ३ | २१८ | २९५ | ८५ | ३६६ | १ |
| ४ | १०२ | १८० | १५९ | २३५ | ५ |
| ५ | ५० | ११६ | २७ | ३६३ | १ |
| ६ | ७० | २४५ | २५ | ५९७ | १२ |
| ७ | १६६ | १९३ | २५ | ४९७ | ० |
| ८ | ७१ | १७२ | १४५ | २३६ | ३ |
| ९ | २९ | १६१ | १०९ | २२९ | ३ |
| १० | १५ | २८३ | २६७ | १९१ | ० |
| ११ | ८९ | २२६ | १२२ | १४७ | ७१ |
| **जम्मा** | **११९४** | **२४४१** | **११००** | **३४५६** | **९८** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## *२.१.७ भू—उपयोगको अवस्था*

कर्जन्हा नपाको कुल भू—भाग (७६८३) मध्ये ५९ प्रतिशत खेतीयोग्य भूमि ३५।६९ प्रतिशत वन क्षेत्र,  र ११.३५ प्रतिशत नदी, ताल तथा सीमसार क्षेत्र रहेको छ । यस अन्य जमिन क्रमशः नदी, ताल तथा सीमसार उपयोग क्षेत्र (२.२५ प्रतिशत), झाडि बुट्यान (०.३० प्रतिशत), घाँसे भूमि (०.४९ प्रतिशत) तथा अन्य रहेको छ । यस सम्बनधी विवरण विवरण देहायअनुसार तालिकामा प्रस्तुत रहेको छः

### तालिका २.४: भू–उपयोगको अवस्था

| क्र. स. | जमिनको प्रयोग | वर्ग कि मि | प्रतिशत | कठ्ठा |
|---|---|---|---|---|
| १ | खेतीयोग्य क्षेत्र | ४५.३३ | ५९ | १३४११२.४२ |
| २ | वन क्षेत्र | २७.४२ | ३५.६९ | ८११२४.२६ |
| ३ | नदी, ताल तथा सीमसार उपयोग क्षेत्र | १.७३ | २.२५ | ५११८.३४ |
| ४ | झाडि बुट्यान | ०.२३ | ०.३० | ६८०.४७ |
| ५ | घाँसे भूमि | ०.३८ | ०.४९ | ११२४.२६ |
| ६ | बगैंचा | ०.१९ | ०.२४ | ५६२.१३ |
| ७ | खाली जमिन | ०.०६ | ०.०८ | १७७.५४ |
| | **जम्मा** | **७६.८३** | **१००** | **२२२८९९.४२** |

*स्रोत: कर्जन्हा नगरपालिकाको नगर वस्तुगत विवरण, २०७५/LRMP १९९६, नापी विभाग*

## *२.१.८ सामुदायिक वन*

नापी विभागले तयार गरेको प्रतिवेदनअनुसार यस नगरपालिकाको कुल वनजङ्गल क्षेत्रले ओगटेको भूमि २७.४२ वर्ग कि मि (३५.६९) छ। जसमा करिब १३ वटा सामुदायिक वन रहेका छन् । यस सम्बन्धी थप विवरण देहाय अनुसार तालिकामा प्रस्तुत छ:

### तालिका २.५: नपामा सामुदायिक वनको अवस्था

| वडा नं | सामुदायिक वनको विवरण | थप जानकारी |
|---|---|---|
| १ | चुरे सामुदायिक वन उपभोक्ता समूह | NA |
| | कमला सामुदायिक वन | NA |
| २ | जोरदह चुरे सामुदायिक वन | NA |
| | कमला सामुदायिक वन | NA |
| ४ | नमुना वन सामुदाय वरहार | NA |
| | चुरे जन सामुदायिक वन | NA |
| | वस्तीपुर सामुदायिक वन | NA |
| ५ | भेडजा खोला सामुदायिक नर्सरी | NA |
| ७ | कमला सामुदायिक वन | NA |
| १० | शिव सामुदायिक वन | NA |
| | मठ सामुदायिक वन | NA |
| | नागावावा वन | NA |
| ११ | चुरे सामुदायिक वन | NA |
| **जम्मा** | **१४** | **NA** |

*स्रोत: कर्जन्हा नगरपालिकाको नगर वस्तुगत विवरण, २०७५ र कार्यशाला समूह छलफल, २०८०*

Federal Development & Research Initiative Pvt. Ltd. Nepal 2077

### २.१.९ उद्यम व्यवसाय

यसै गरी, राष्ट्रिय गणना २०७८ को प्रतिवेदन अनुसार नपा क्षेत्रमा विभिन्न फर्म, उद्योग र पसल व्यवसाय गर्नेको संख्या ९१७, जसमा यातायात सम्बन्धी घटाउदा ८६९ वटा देखिन्छ । यस सम्बन्धी विष्तृत विवरण देहाय अनुसार रहेको छः

**तालिका २.६ः नपामा उद्यम व्यवसाय**

| क्र.सं. | उद्योगको प्रकार | सङ्ख्या | थप जानकारी |
|---|---|---|---|
| १ | साना तथा घरेलु उद्यम | ३१९ | NA |
| २ | व्यापार व्यवसाय | ३९९ | NA |
| ३ | सेवामूलक | ६४ | NA |
| ४ | अन्य | ८७ | NA |
| ५ | यातायात संग सम्बन्धित | ४८ | NA |
| | **कुल** | **९१७** | **NA** |
| | **यातायात सम्बन्धी घटाउदा जम्मा** | **८६९** | **NA** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

यस नपामा संघीय सरकारले प्रस्ताव गरेको संगठन, संरचना र दरवन्दी अभ्यासमा रहेको वुझाई छ, यद्यपी यस सम्बन्धी औपचारिक निर्णय वा अभिलेख पाइएन । हाल नपाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिरहेको छ र सो को प्रतिवेदन औपचारिक अनुमोदन गरेर कार्यान्वयनमा ल्याउने जानकारी प्राप्त भएको छ। संघीय सरकारले प्रस्ताव गरे अनुसार नपामा कुल ८६ जनाको दरवन्दी रहेको मध्ये, नपा केन्द्र तथा वडा तर्फ ५३ जना, कृषि तथा पशु तर्फ (केन्द्र तथा वडा) ९ जना र स्वास्थ्य संस्थमा २४ जनाको दरवन्दी रहेको छ ।

हाल नपामा कुल ८६ जना वेतन प्राप्त गर्ने कर्मचारीहरु कार्यरत रहेको देखिन्छ । जस मध्ये ५१ जना स्थायी र ३५ जना करार रहेका छन्।कुल कर्मचारी मध्ये, नपा केन्द्रमा र वडा गरी ६१ जना र स्वास्थ्य संस्थामा २५ जना कार्यरत देखिन्छ।यसमा परियोजना तर्फ ४ जना कार्यरत देखिएको छ ।

**तालिका २.७ : मानव संसाधनको अवस्था**

| विवरण | दरवन्दी संख्या | पदपूर्ति संख्या | | | आन्तरिक राजस्व जिम्मेवार भएको वा नभएको | थप विवरण |
|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | कुल | | |
| नपा केन्द्र र वडा कर्मचारी (स्वास्थ्य संस्था वाहेक) | ६२ | २६ | ३५ | ६१ | भएको | कृषि र पशु सेवा सहित |
| स्वास्थ्य संस्था कुल कर्मचारी | २४ | २५ | ० | २५ | नभएको | |
| **कुल कर्मचारी (स्वास्थ्य संस्था सहित)** | **८६** | **५१** | **३५** | **८६** | | ४ जना परियोजना तर्फ |

*स्रोतः कर्जन्हा नपाको संगठन तथा व्यवस्थापन सर्वेक्षण मस्यौदा प्रतिवेदन, २०७९*

## २.३: नगरपालिकाको भौतिक/सम्पतिको अवस्था

### २.३.१ : *नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था*

कर्जन्हा नगरपालिकामा जिन्सी सम्पत्ती, सवारी साधन तथा मेसिनरी औजार आदिको अवस्था देहाय अनुसार रहेको छः

**तालिका २.८: नगरपालिकाको भौतिक सम्पतिको अवस्था**

| क्र.सं. | भौतिक सम्पति | संख्या | अवस्था | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्पुटर/ल्यापटप/प्रिन्टर/दराज | १\१ | चालु | सबै वडा | |
| २ | कुर्सी/टेवल | १\१ | चालु | सबै वडा | |
| ३ | सोफासेट | | चालु | | |
| ४ | मोटर साईकल | | चालु | | |
| ५ | वडा कार्यालय भवन | | चालु | | |
| ६ | डोजर/स्काईभेटर/ट्रिपर | | चालु | *नपा* | |
| ७ | स्कारपियो/सुमो/ल्याडकुजर | २ | चालु | *नपा* | |
| ८ | मोटर साईकल/स्कुटर | | चालु | | |
| ९ | ल्यापटप | | चालु | | |
| १० | डेक्सटप कम्पुटर | | चालु | | |
| ११ | दराज | | चालु | | |
| १२ | टेवल/कुर्सि | | चालु | | |

*स्रोतः जिन्सी शाखा, कर्जन्हा नपा, २०८०*

### २.३.२ *नपाको आर्थिक स्रोत*

कर्जन्हा नपाको विगत तीन आर्थिक वर्ष र चालु आवको आय अनुमान तथा हाल सम्मको संकलन देहाय अनुसार तालिकामा प्रस्तुत छः

**तालिका २.९: नपाको वर्तमान आय सारांश**

| क्र. सं. | राजश्व शिर्षक | यथार्थ | यथार्थ | यथार्थ | अनुमान | आषाढ १९ सम्म |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | ०७८/७९ | ०७९/८० | ०७९/८० |
| १ | आन्तरिक आय | ८,८४६ | ६,९५८ | २६,०८३ | ४५,६७० | २८,२६१ |
| २ | राजस्व बाँडफाँड | | | | | |
| | *संघीय सरकार* | ५६,२९८ | ६९,१०१ | ७९,८६९ | ९५,७३२ | ४६,७४८ |
| | *प्रदेश सरकार* | – | २,७६७ | २,४९६ | ३,५२६ | ११,७२६ |
| ३ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | | |
| | *संघीय सरकार* | २३७,९७५ | २५१,२६७ | ३०४,५८० | ३२८,८६३ | ३०२,०२० |
| | *प्रदेश सरकार* | २४,१४७ | २०,१६५ | १७,६४७ | २३,४६४ | ८,४६४ |
| | *अन्य आन्तरिक अनुदान* | | | | – | – |
| | **जम्मा** | **३२७,२६६** | **३५०,२५८** | **४३०,६७५** | **४९७,२५५** | **३९७,२१९** |

*स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

# परिच्छेद ३ : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा रुपमा कर्जन्हा नगरपालिकालाई संविधान तथा प्रचलित कानून अुनसार प्राप्त राजस्व अधिकारका बारेमा उल्लेख गरिएको छ । यसका साथै, प्रचलित कानून अनुसार यस नपाको आन्तरिक आय परिचालनको सम्भावना तथा वर्तमान अवस्था विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका रुपमा देहाय अनुसार नपाको राजस्व अधिकारहरूको वारेमा व्यवस्था गरिएको छः

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- पर्यटन शुल्क
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

### *३.१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छः

### *क. गाउँ/नगरपालिकाको एकल अधिकारः*

**अ) कर**

- **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)

- **भूमि कर (मालपोत)ः:** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि सेवामा
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
- एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सापास दस्तुर
- व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क

Federal Development & Research Initiative
FDRI
2077
Nepal

- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संंशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

नोट : केही नेपाल ऐनलाई संंशोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा देहायअनुसार व्यवस्था गरिएको छः

## *ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने रोयल्टी तथा अन्य*

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति

Federal Development & Research Initiative Pvt. Ltd. • Nepal • 2077 FDR

- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

## *३.१.२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः

### *क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)*

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख), ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *राष्ट्रिय प्राकृतिक स्रोत तथा आयोगले निर्धारिण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

### *ख) राजस्व बाँडफाँट*

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनतर्फको अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*

- *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
    - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

## *ग) अनुदान*

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने । यसमा संघीय सरकारले प्रदान गर्ने अनुदान रकम न्यूनतम अनुदान, कार्यसम्पादनमा आधारित अनुदान र सूत्रमा आधारित अनुदानको योगफलको रुपमा प्रदान गरिने ।
- **सशर्त अनुदानः** सङ्घ र प्रदेशले आफ्नोतर्फबाट सम्पादन गर्नुपर्ने आफ्नो सबै भौगोलिक क्षेत्रमा समेट्नुपर्ने कार्यलाई स्थानीय तहमार्फत् गराउन यो अनुदान दिइन्छ । यसमा नेपाल सरकारद्वारा साविक सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजनाहरु प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरी सेवा प्रवाहमा निरन्तरता दिने ध्यय रहेको ।
- **समपूरक अनुदानः** पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **विशेष अनुदानः** आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले विशेष प्रकृतिको क्षेत्रमा विकास गर्ने उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्रदान गरिने

## *घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण*

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ः

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)

Federal Development & Research Initiative
2077 • Nepal • FDRI

- कर नलाग्ने ः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आपंmँ वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

यस नपामा सम्भावना भएका आन्तरिक आय शिर्षकहरुको संभाव्यता, संकलन तथा दरको निर्धारणको अवस्थालाई देहाय अनुसार प्रस्तुत गरिएको छ। जस अनुसार, कुल १३ वटा श्रोतमा सम्भावना भएको, ७ वटा श्रोतमा न्युन मात्रामा सम्भावना भएको, १८ वटामा दर निर्धारण भएको तर ९ वटा श्रोतमा कर तथा गैरकर संकलन भईरहेको देखिन्छ। यस नपामा मुख्य रुपमा कर जन्य आय अन्तरगत मालपोत र व्यवसाय कर सम्भावना देखिएको छ। यसै गरी, गैरकरजन्य आय अन्तरगत दहत्तर वहत्तर विक्री शुल्क (ढुङ०गा, टिट्टी, बालुवा र माटो) र सिफारिस प्रमाणित दस्तुर नपाका मुख्य सम्भावना भएका आन्तरिक आय देखिएको छ ।

### तालिका ३.१ (क) : कर्जन्हा नपाको आन्तरिक आय परिचालनको अवस्था

| क्र.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | नभएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | न्युन छ | नभएको | भएको |
| | घर जग्गा बहाल कर | छ | नभएको | भएको |
| | व्यवसाय कर | छ | नभएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | न्युन छ | NA | NA |
| | विज्ञापन कर | न्युन छ | नभएको | भएको |
| | मनोरञ्जन कर | छैन | नभएको | भएको |
| ख. | गैर कर तर्फ | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री | छ | भएको | भएको |
| | नक्सापास दस्तुर | छ | नभएको | भएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| | पार्किङ्ग शुल्क | न्युन छ | NA | NA |
| | अस्पताल संचालन | छैन | NA | NA |
| | फोहरमैला ब्यवस्थापन शुल्क (सरसफाई) | छ | भएको | भएको |
| | स्थानीय खानेपानी महसुल | छैन | NA | NA |

| क्र.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| | स्थानीय विद्युत महसुल | छैन | NA | NA |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | छैन | NA | NA |
| | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | न्युन छ | नभएको | भएको (पटके सवारी कर शब्द प्रयोग भएको) |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | न्युन छ | नभएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | NA | NA |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |
| | सामुदायिक वन विक्री | छ | भएको | NA |
| | सरकारी सम्पत्ती वहाल | न्युन छ | नभएको | भएको |

*स्रोतः आर्थिक प्रशासन शाखा, नपाको आर्थिक ऐन र कार्यशाला छलफल, कर्जन्हा नपा, २०८०*

### तालिका ३.१ (ख)ः कर्जन्हा नपाको आन्तरिक आय संकलनको अवस्था (रु हजार)

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | यथार्थ | अनुमान | आषाढ १९ सम्म |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | ०७८/७९ | ०७९/८० | ०७९/८० |
| ११३१३ | सम्पत्ति कर (सम्पत्ति कर) | - | - | - | १०० | - |
| ११३१४ | भूमी कर/मालपोत | - | - | - | ३०० | १,०९३ |
| ११३२१ | घरजग्गा बहाल कर | - | - | ५९ | १०० | १४० |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | - | - | - | १,५०० | - |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | - | - | - | - | - |
| ११६३२ | जडीबुटी, कवाडी, जीवजन्तु कर | - | - | - | - | - |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | यथार्थ | अनुमान | आषाढ १९ सम्म |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | ०७८/७९ | ०७९/८० | ०७९/८० |
| ११६९१ | अन्य कर | - | ६,९५८ | १३,१८७ | - | - |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | - | २० | २ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | - | १,००० | - |
| १४१५७ | बाँडफाँड भइ प्राप्त दहत्तर वहत्तरको बिक्रीबाट प्राप्त हुने आय | - | - | ७,६५७ | २०,७०० | २०,७०० |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | - | - | - | - | - |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | - | - | - | - | - |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मूल्याङ्कन समेत) | - | - | - | २५० | - |
| १४२४२ | नक्सापास दस्तुर | - | - | - | १०० | - |
| १४२४३ | सिफारिश दस्तुर | - | - | ५५४ | १,५०० | ७५४ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | - | - | - | - | - |
| १४२४५ | नाता प्रमाणित दस्तुर | - | - | ९९ | ५० | ४३ |
| १४२४९ | अन्य दस्तुर | - | - | - | ५० | २ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | - | - | - |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | - | - | ३,११७ | - | २,५०० |
| १४५२९ | अन्य राजस्व | ८,८४६ | - | ९०३ | २०,००० | ३,०२७ |
| १४६११ | व्यवसाय कर | - | - | ५०७ | - | - |
| | **आन्तरिक आय जम्मा** | **८,८४६** | **६,९५८** | **२६,०८३** | **४५,६७०** | **२८,२६१** |

*स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहका रुपमा कर्जन्हा नगरपालिकामा प्राप्त हुन सक्ने सम्भाव्य आन्तरिक स्रोतहरूको विश्लेषण यस शीर्षकमा प्रस्तुत गरिएको छ।

### *३.३.१ स्थानीय कर राजस्व*

### *क) सम्पत्ती कर*

**<u>हालको अवस्थाः</u>** ऐनमा घर र घरले चर्चेका जग्गा तथा त्यतीनै थप जग्गाको एकमुस्ट मूल्यांँकन गरी सम्पत्ती कर लिने प्रावधान रहेको छ । चालु आवको आर्थिक ऐनले विभिन्न वर्गिकरण सहित सम्पत्ती कर दर तोकेको पाइन्छ, तर नपाको प्रमुख र महत्वपुर्ण श्रोतको रुपमा रहेको सम्पत्ती कर संकलन तथा परिचालन तर्फ खासै पहल भएको पाइदैन ।यस शिर्षकमा चालु आवमा रु १००००० अनुमान गरेकोमा हाल सम्म शुन्य रकम संकलन भएको देखिन्छ र विगतका आवमा आय संकलन भएको पाइदैन।

**<u>संभाब्यताः</u>** नगरपालिकाले हालको व्यवस्था अनुसार सम्पत्ति करको परिभाषा गरी सो सम्वन्धी कार्यविधि अनुसार दर पुनरावलोकन गरी सम्पत्ती कर संकलन गर्नुपर्ने देखिन्छ ।यसरी प्रभावकारी रुपमा सम्पत्ती कर संकलन गरेमा करिव रु २४१४०१६. बार्षिक आय सम्भावना देखिन्छ ।

**तालिका ३.२: सम्पत्ती करको सम्भाव्यता विवरण**

| करको शिर्षक | प्रति घर वा कठ्ठा औषत मुल्य रु | औषत कर प्रति कठ्ठा वा घर रु (०.०१५० प्रतिशत) | जमिन (कठ्ठा) वा घर संख्या | बार्षिक कुल आय सम्भाव्यता रु | कुलमा बहाल विटौरी योग्य सम्पत्तीको २० प्रतिशत घटाउदा* |
|---|---|---|---|---|---|
| कुल सम्पत्ती कर योज्य जग्गा | १५००००० | २२५ | ८२८९ | १८६५०२५ | |
| आर.सि.सि. फ्रेम स्टक्चर (सबै तल्लाको औषत) घर | २०००००० | ३०० | ११९४ | ३५८२०० | |
| सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो — आर.सि.सि. छाना, तथा जस्ता टायल छाना (सबै तल्लाको औषत) घर | १५००००० | २२५ | २४४१ | ५४९२२५ | |
| माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको | ५००००० | ७५ | ११०० | ८२५०० | |
| काठको खाँवा सहित घर | ३००००० | ४५ | ३४५६ | १५५५२० | |
| अन्य घर | ५००००० | ७५ | ९८ | ७३५० | |
| **जम्मा** | | | | ३०१७५२० | २४१४०१६ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८ र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरु:** नपाको प्रमुख र महत्वपुर्ण श्रोतको रुपमा रहेको सम्पत्ती कर संकलन तथा परिचालन प्रभावकारी र व्यवस्थित गर्नका लागि देहाय अनुसार प्रस्ताव गरिन्छः

- सम्पत्ती कर प्रयोजनका लागि लगत संकलन गर्ने, सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरु व्यवस्थित रुपमा फाईलिङ्ग गरेर राख्ने ।
- सम्पत्तिकर कार्यान्वयनका लागि बैग्ले कार्यविधि तयार गर्ने ।
- जग्गा मुल्यांकन लाई यथार्थपरक बनाउने, सिफारिस तथा प्रमाणीत को मूल्य र सम्पत्ती करका लागि मुल्यौंकनमा समानता गर्ने ।

## *ख) भूमिकर/मालपोत*

**हालको अवस्था:** नगरपालिकाले मालपोतको दर निर्धारण गरी संकलन गरीरहेको पाईन्छ तर विगतका आवहरुमा यस शिर्षकमा आय संकलन भएको देखिदैन।चालु आवमा रु ३०००००। मात्र अनुमान गरिएकोमा हालसम्म १०९३०००. आय संकलन भएको देखिन्छ ।

**संभाब्यता:** नगरपालिकाले हालको व्यवस्था अनुसार दर निर्धारण गरी प्रभावकारी रुपमा सवै मालपोत योग्य जमिनवाट कर संकलन गरेमा कुल १३४११२.४२ कठ्ठावाट जमिनको उपयोगको अवस्था हेरी औषत रु ३५ प्रति कट्टाका दरले सवै मालपोत संकलन भएमा वार्षिक कुल रु ४६९३९०० । आय सम्भावना देखिन्छ ।

### तालिका ३.३ः भूमि कर तथा मालपोत आय सम्भाव्यता विवरण

| करको शिर्षक | जमिन (कठ्ठा) | औषत कर प्रति कठ्ठा रु | बार्षिक कुल आय सम्भाव्यता रु | पहिलो वर्ष कुल आय को ७० प्रतिशत रु |
|---|---|---|---|---|
| उपयोग योग्य तथा कृषि योग्य जग्गा | १३४११२.४२ | ३५ | ४६९३९३४.७ | ३२८५७५४.२९ |
| **जम्मा** | **१३४११२.४२** | | **४६९३९३४.७** | **३२८५७५४.२९** |

*स्रोतः कर्जन्हा नगरपालिकाको नगर वस्तुगत विवरण, २०७५ र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरु:** यस नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोत मध्ये एक मालपोत रहेको र यसलाई प्रभावकारी रुपमा लागु गर्न देहाय अनुसारका कार्य गर्नुपर्ने देखिन्छः

- नपाका सवै मालपोत योग्य जमिनको लगत संकलन गरेर अभिलेख राख्ने ।
- प्रत्येक वर्ष समयमै मालपोत तिर्नका लागि सचेतना तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।
- मालपोत रकम समयमै तिर्नका लागि बाध्यकारी नीति निर्माण तथा कार्यान्वयन गर्ने ।

## ग) घरजग्गा वहाल कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा घर जग्गा बहालमा लगाउने घर तथा जग्गाधनी संग सम्झौता गरिएको रकमको १० प्रतिशतका दरले कर संकलन गर्ने उल्लेख छ । यस शिर्षकमा आव २०७८/०७९ मा रु ५९०००. र चालु आवमा रु १०००००. आय अनुमान गरिएकोमा हाल सम्म १४००००. संकलन भएको देखिन्छ ।

**संभावना:** संकलित तथ्यांक अनुसार नगरपालिका क्षेत्रमा करिव ६९९ घरपरिवाररजनाले आवासीय तथा व्यवसायिक प्रयोजनका लागि घरजग्गा बहालमा लगाएको तथ्याँकल पाईकोछ । जस अनुसार प्रति करदाता बार्षिक औषत रु २४०० (आवासिय प्रयोजन) र रु ३६०० (व्यवसायिक प्रयोजन) संकलन गर्दा कुल रु २३५६२००. संकलन हुने सम्भावना देखिन्छ ।

### तालिका ३.४: घर जग्गा बहाल करको सम्भाव्यता विवरण

| करको शिर्षक | प्रति व्यक्ति औषत बहाल रु (बार्षिक) | प्रतिव्यक्ति औषत बहाल कर रु (१० प्रतिशत) | संख्या (करदाता) | बार्षिक कुल आय सम्भाव्यता रु | पहिलो वर्ष कुल आय को ७० प्रतिशत रु |
|---|---|---|---|---|---|
| आवासीय प्रयोजनका लागि घर वहाल संख्या | १८००० | १८०० | ८९ | १६०२०० | |
| व्यवसायिक प्रयोजनका लागि घर बहाल संख्या | ३६००० | ३६०० | ६१० | २१९६००० | (नपा क्षेत्रमा कुल ८६९ व्यापार व्यवसाय मध्य ७० प्रतिशत बहालमा भएको अनुमान) |
| **जम्मा** | | २४०० | ६९९ | २३५६२०० | १६४९३४० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८ र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरु:** घर जग्गा बहाल कर संकलन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन देहाय अनुसार सुझाव पेश गरिन्छ,

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र अभिलेख व्यवस्थित गर्ने ।
- घरजग्गा वहाल रकम मुल्यांकन गर्ने संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

Federal Development & Research Initiative Nepal 2077 FDRI

### घ) व्यवसाय कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा विभिन्न प्रकारका उद्यम तथा व्यवसायका लागि व्यवसाय कर तोकेको पाइन्छ।आव २०७८/०७९ रु ५०७०००. आय आय संकलन भएको र चालु आवमा अनुमान नगरिएको र संकलन समेत नभएको देखिन्छ ।

**संभावना:** यस नगरपालिका क्षेत्रमा करिब ८६९ वटा पसल, व्यवसायीक फर्म तथा प्रतिष्ठानहरु रहेको अनुमान छ । जसवाट औषत रु ४१२५. ब्यवसाय कर संकलन गर्दा बार्षिक कुल रु ३७८६०००. संकलनको सम्भाव्यता देखिन्छ ।

**तालिका ३.५: व्यवसाय करको सम्भाव्यता विवरण**

| करको शिर्षक | औषत बार्षिक कर रु | करदाता संख्या | वार्षिक कुल आय सम्भाव्यता रु | पहिलो वर्ष कुल आय को ८० प्रतिशत रु |
|---|---|---|---|---|
| घरेलु तथा साना उद्यम | ५००० | ३१९ | १५९५००० | |
| व्यापार व्यवसाय | ४००० | ३९९ | १५९६००० | |
| सेवामूलक | २५०० | ६४ | १६०००० | |
| अन्य | ५००० | ८७ | ४३५००० | |
| **जम्मा** | **४१२५** | **८६९** | **३७८६०००** | **३०२८८००।** |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८ र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरुः** नगरपालिकाले प्रभावकारी रुपमा ब्यवसाय कर संकलन गर्नका लागि देहाय अनुसारका कार्य गर्नु आवश्यक देखिन्छः

- करयोग्य व्यवसायको लगत संकलन गरी तथ्याँक अभिलेख व्यवस्थित गर्ने र व्यवसाय दर्ता प्रकृयामा ल्याई ईजाजत पत्र प्रदान गर्ने ।
- सचेतना कार्यक्रम, घरदैलो शिविरलगायतका कार्यक्रमहरू सञ्चालन गरी नगरपालिकाका सम्पूर्ण व्यवसायीहरूलाई करको दायरामा ल्याउने
- व्यवसायको प्रकृति अनुसार वर्गीकरण गरी सो अनुसार दर निर्धारण गर्ने ।
- नपा क्षेत्रका सवै व्यावसायीलाई करको दायरामा ल्याउने र सोका लागि प्रभावकारी नीति निर्माण तथा कार्यान्वयन गर्ने ।
- समयमा कर नतिर्ने व्यवसायीहरूका लागि आर्थिक ऐनमा दण्डात्मक प्रावधानहरू राख्ने ।

## ङ०) जडिवुटी, कवाडी, जिवजन्तु कर

**हालको अवस्थाः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत तोकिए बमोजिम कर लगाउन सक्ने व्यवस्था रहेको छ । नपाको आर्थिक ऐनमा कवाडी कर संकलन गर्ने तोकिएको छ ।यो शिर्षको आय संकलनका लागि प्रभावकारी पहल हुन बाँकी देखिन्छ, साथै चालु आवमा आय अनुमान समेत गरेको देखिदैन ।

**संभावनाः** यस नगरपालिका क्षेत्रवामा करिव ४ स्थलवाट (वडा नं २ मा ३ स्थान र वडा नं ११ मा १ स्थान) कवाडी मालसमानको व्यवसायिक संकलन तथा बिक्री भएको पाइन्छ । जसमा बार्षिक रुपमा फलाम ५० टन, प्लास्टीक जन्य १० टन र सिसिवोतल ५०००० वटा (१० टन) विक्री निकासी हुने अनुमान गरिएको छ । जसवाट बार्षिक प्रति संकलन तथा बिक्री केन्द्र रु १७५००. रु ७००००. आय सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः** नपामा जडिबुटी, कवाडी, जीवजन्तु कर सङ्कलनमा सुधार गर्न निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- व्यवसायीहरुको दर्ता, अभिलेखीकरण तथा नियमित अद्यावधिकरण गर्ने ।
- अभिलेखीकरण तथा अनुगमनलाई प्रभावकारी बनाई जडिबुटी, कवाडी, जीवजन्तु प्रत्यक्ष बिक्रीबाट हुने चुहावट नियन्त्रण गर्ने ।
- कवाडी सामान सङ्कन स्थल सुरक्षित गर्न सहयोग गरी स्थल, जल तथा अन्य वातावरणीय प्रदूषण न्यूनीकरण सुनिश्चित गर्ने

## च) सवारी कर

**हालको अवस्थाः** वर्तमान ऐनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । यस शिर्षकमा गत आवहरुमा र चालु आवमा समेत आय अनुमान तथा रकम संकलन गरेको पाइदैन ।

**संभावनाः** यस शिर्षकमा आय सम्भावना न्युन देखिएको छ । यद्यपी नपा क्षेत्रमा करिव ५० सवारी साधन करको दायरा भित्र आउने सम्भावना भएको अनुमान छ, जसवाट औषत बार्षिक रु २०००. संकलन गर्दा बार्षिक करिव रु १०००००. आय संकलन हुने देखिन्छ ।

**तालिका ३.६ः सवारी करको सम्भाव्यता विवरण**

| करको शिर्षक | औषत बार्षिक रु | संख्या (करदाता) | वार्षिक आय सम्भाव्यता रु |
|---|---|---|---|
| ठेला, इरिक्सा | २००० | ५० | १००००० |
| जम्मा | | ५० | १००००० |

*स्रोतः कार्यशाला समूह छलफल, २०८०*

**<u>सुधारका पक्षहरुः</u>** सवारी करमा सुधार गर्न निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छः

- नगरपालिकामा सञ्चालनमा रहेमा टेम्पो, अटो रिक्सा, पावर टिलर, रिक्सा, टाँगा, गाडा, ठेला साना सवारीको तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यवस्थापन गर्ने तथा अन्य सम्बद्ध निकायहरूसँग आवश्यक समन्वय गर्ने

## *छ) विज्ञापन कर*

**<u>हालको अवस्थाः</u>** नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार'प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकार संग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । यस शिर्षकमा हाल सम्म आय अनुमान तथा संकलन भएको पाइदैन ।

**<u>संभावनाः</u>** य यस नपा क्षेत्रमा विज्ञापन कर शिर्षकमा केही रकम प्राप्त गर्ने सम्भावना देखिएको छ । जस अनुसार सार्वजनिक स्थलमा राखिएको विज्ञापन वोर्डहरु वापत एकमुष्ट रु १५००००. अनुमान गरिएको छ।यस मध्ये ४० प्रतिशत प्रदेशमा हस्तान्तरण गर्दा रु ९००००. आय संकलन हुने देखिन्छ ।

**<u>सुधारका पक्षहरुः</u>** विज्ञापन कर संकलन तथा परिचान वयवस्थित गर्न देहाय अनुसारका सुझावहरु पेश गरिन्छः

- नगरपालिका क्षेत्रमा रहेका विज्ञापन सामग्री सम्बन्धी लगत सङ्कलन गर्ने
- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- विज्ञापन कर सङ्कलनमा निजी क्षेत्रसँग सहकार्य गर्ने
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने

## *ज) मनोरञ्जन कर*

**<u>हालको अवस्थाः</u>** नगरपालिकाले आफ्नो क्षेत्रका मनोरञ्जन कर लगाउन सक्नेछ । संघीय कानुन अनुशार यो प्रदेश सरकार संग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण निर्धारण प्रदेशले र संकलन नगरपालिकाले गरि संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

**<u>संभावनाः</u>** यस नपा क्ष्ेात्रमा मनोरञ्जन करको सम्भावना न्युन देखिएको छ, यस सम्बन्धी तथ्याँक समेत अभाव रहेको छ।

### ३.३.२ गैरकर राजस्व

#### क) अन्य बिक्री बाट प्राप्त रकम (प्राकृतिक/खानीजन्य वस्तुको विक्री'ढुङ्गा, गिट्टी, वालुवा, माटो):

**<u>हालको अवस्था:</u>** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । यस कानुनी व्यवस्थाअनुसार यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ ।तथापि नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको मापदण्डले यस्तो रकमको ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । यस शिर्षकमा आव २०७८।७९ मा रु ७६५७५०९. र चालु आवमा हाल सम्म रु २०७००००. संकलन भएको देखिन्छ ।

**<u>सम्भावना:</u>** यस शिर्षकमा नपाको आय सम्भावना देखिन्छ ।मुख्य रुपमा नपा क्षेत्र भएर वग्ने कमला नदी पुल देखि दक्षिणको उत्खनन् स्थलहरुनै मुख्य रहेको पाइन्छ । तर यस स्थानको उत्खनन् धनुषा को गणेशमान चारनाथ नपा संग संयुक्त अधिकार रहेको छ । गणेशमान चारनाथ र कर्जन्हा दुबै नपाको संयुक्त आय सम्भाव्यता रु ४२२०००००. मध्ये कर्जन्हा नपाको मात्र कुल आय सम्भाव्यता रकम रु २११०००००. हुन आउछ । तर, प्रदेशको कानून अुनसार प्रदेशलाई संकलित रकमको ४० प्रतिशत हस्तान्तरण गर्ने हो भने यस नपामा बार्षिक रु १२६६००००. आय संकलनको सम्भावना देखिन्छ ।

**तालिका ३.७: प्राकृतिक/खानीजन्य वस्तुको विक्री' (ढुङ्गा, गिट्टी, वालुवा, माटो)**

| उत्खनन स्थल वा नाकाको नाम | ठेक्का रकम रु | वार्षिक आय सम्भाव्यता दुवै नपाको रु (प्रदेशसँग बाँडफाँड नगर्दा) | वार्षिक आय सम्भाव्यता कर्जन्हा नपाको मात्र रु (प्रदेशसँग बाँडफाँड नगर्दा) | वार्षिक आय सम्भाव्यता कर्जन्हा नपाको मात्र रु (प्रदेशसँग बाँडफाँड गर्दा) | कैफियत |
|---|---|---|---|---|---|
| वडा नं ३ र ६, कमला पुल दक्षिण क्षेत्र (स्थानीय तथा | ३११००००० | ३११००००० | १५५५०००० | ९३३०००० | गणेशमानचारनाथ नपा सँग संयुक्त भएकाले संम्भावनाको आधामात्र गणना गरिएको। यसको ठेक्का गणेशमानचारनाथले लगाएर बाँडफाँड गर्ने गरेको । |
| वडा नं ३ र ६, कमला पुल दक्षिण क्षेत्र (पुर्व पश्चिम लोकमार्ग निर्माण प्रयोजन) | १११००००० | १११००००० | ५५५०००० | ३३३०००० | |
| जम्मा | ४२२००००० | ४२२००००० | २११००००० | १२६६०००० | |

*स्रोत: कर्जन्हा नपाको राजस्व शाखा र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरु:** देहायका पक्षहरु सुधारका लागि सिफारिस गरिएको छः

- अन्य सम्भाव्य क्षेत्रको समेत प्रारम्भिक वातावरणीय परीक्षण र आवश्यकताअनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- निजी जमिनको उत्खनन् सम्बन्धमा आर्थिक ऐनमा व्यवस्था गरी सम्भाव्यताका आधारमा अनुमति दिने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** नगरपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क संकलन गर्न पाउने कानुनी व्यवस्था छ ।नपाको आर्थिक ऐनले समेत यसको व्यवस्था गरेको छ । यस शिर्षकमा विगत आवहरुमा शुन्य रकम संकलन भएको देखिन्छ । चालु आवमा रु १५०००००. अनुमान गरिएकोमा हाल सम्म शुन्य रकम संकलन भएको पाइन्छ ।

**संभावना:** नपामा यस शिर्षकमा विभिन्न स्थानमा रहेका आवासीय तथा व्यवसायिक प्रयोजनका भवन, हाट बजार, सार्वजनिक पोखरी बाट आयको सम्भावना देखिन्छ।जस अनुसार यस शिर्षक अन्तरगत बार्षिक कुल रु १०२४७३५०. संकलन हुने सम्भावना देखिन्छ । यस सम्बन्धी विष्तृत विवरण तलको तालिकामा प्रस्तुत छ:

### तालिका ३.८: बहाल बिटौरी शुल्क सम्भाव्यता

| करको शिर्षक | औषत बार्षिक रु | संख्या (करदाता वा घर वा हाट बजार संख्या वा पोखरी संख्या) | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|
| **क) आवासिय तथा व्यवसायिक प्रयोजनका घर तथा संचनाहरु** | | | ४०८०००० | |
| ऐलानी र सरकारी जग्गामा वनेका आवासीय संरचनाको बहाल बिटौरी (नपाभर विभिन्न वडामा) | २४०० | १७०० | ४०८०००० | वडा न ३ सहित विभिन्न वडामा वडा नं ११ का ६० घर विद्यालयले संकलन |
| **ख) हाट तथा बजारहरु** | | | १७०१००० | |
| वडा नं ११, कर्जन्हा बजार हटिया | ४००००० | NA | ४००००० | ठेक्का रकम |
| वडा नं २, बन्दीपुर बजार हटिया | ५०१००० | NA | ५०१००० | ठेक्का रकम |

| करको शिर्षक | औषत बार्षिक रु | संख्या (करदाता वा घर वा हाट बजार संख्या वा पोखरी संख्या) | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|
| वडा नं ७, मरेवा हटिया | ३००००० | NA | ३००००० | विद्यालयले संकलन गरिरहेको |
| वडा नं १०, प्रयाग वजार हटिया | ३००००० | NA | ३००००० | विद्यालयले संकलन गरिरहेको |
| वडा नं ३, नहर वजार | ५०००० | NA | ५०००० | |
| वडा नं ५ खाल्टे बजार | ५०००० | NA | ५०००० | |
| वडा नं ११, बगाहा | ५०००० | NA | ५०००० | |
| वडा न. ७, लकडाउन | ५०००० | NA | ५०००० | |
| **ग) सार्वजनिक पोखरीहरु** | | | **४४६६३५०** | |
| वडा नं ८ का ७ वटा पोखरीहरु (गौताडीको ठुलो पोखरी, असोनको ठुलो पोखरी, गरही कुटी थल्हा पोखरी, गौतारी ब्यारबाला पोखरी, रामजानकी कुटी पोखरी, मुसहरी पोखरी, सिमरा दक्षिणवारी टोल पोखरी) | १०१६३५० | NA | १०१६३५० | हालको सात वटै पोखरीको ३ वर्षको अलग अलग ठेक्का लागेको कुल रकम जोडदा रु ३०४९०५५ हुने, यसलाई ३ ले भाग गर्दा आउने रकम । |
| वडा नं १ को ३ वटा पोखरीहरु (पचगछीया पोखरी, नानाताल पोखरी, विद्यालय | १५०००० | ३ | ४५०००० | माथि उल्लेखित वडा नं ८ का सात पोखरीको कुल बार्षिक ठेक्का रकम लाई ७ ले भाग गरेर प्रतिपोखरी औषत करिव रु १५००००। आएकोमा |
| वडा नं २ का २ वटा पोखरीहरु (बाबाताल, बन्दीपुर स्कुल अगाडीको पोखरी) | १५०००० | २ | ३००००० | |
| वडा नं ३ को १ वटा पोखरी (विश्वकर्मा छेउको पोखरी) | १५०००० | १ | १५०००० | |
| वडा नं ५ को १ वटा पोखरी (दुर्गा मन्दीर छेउको पोखरी) | १५०००० | १ | १५०००० | |
| वडा नं ६ का ४ वटा पोखरी ( मरेवा दक्षिण टोल बाँध छेउको पोखरी, बेतहा विद्यालय अगाडीको पोखरी, मिर्चैया ताल नजिक कमला बाँध छेउको पोखरी, मरेवा टोलको पश्चिम पटी भेरवा नदी निरको पोखरी) | १५०००० | ४ | ६००००० | |

| करको शिर्षक | औषत बार्षिक रु | संख्या (करदाता वा घर वा हाट बजार संख्या वा पोखरी संख्या) | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|
| वडा न. ७ का २ वटा पोखरी (सिमरा गाउँको दक्षिणबारी टोलको पोखरी, मरेवा बजारको पश्चिम स्कुल छेउको पोखरी) | १५०००० | २ | ३००००० | सोहीलाई आधार मानिएको । |
| वडा नं ८ का २ वटा पोखरी (गाउँ ब्लक पोखरी, गौतारी गाउँ ब्लक ठकीया पोखरी) | १५०००० | २ | ३००००० | |
| वडा नं ९ को १ पोखरी (तारगाछी पोखरी) | १५०००० | १ | १५०००० | |
| वडा नं १० का ३ वटा पोखरी (हलुवाई टोलको पोखरी, मनहर्बा बजार छेउको पोखरी, मस्जीद छेउको पोखरी) | १५०००० | ३ | ४५०००० | |
| वडा नं ११ का ४ वटा पोखरी (ज.से.मा. विद्यालयको फिल्ड पूर्वको ठुलो पोखरी, ज.से.मा. विद्यालयको फिल्ड पूर्वको सानो पोखरी, दुर्गा मन्दीर छेउको पोखरी, आधारभूत विद्यालय बगाहा विद्यालय छेउको पोखरी) | १५०००० | ४ | ६००००० | |
| **सबै शिर्षकको कुल सम्भाव्यता जम्मा** | | | १०२४७३५० | |

*स्रोत: कर्जन्हा नपाको राजस्व शाखा र कार्यशाला समूह छलफल, २०८०*

**<u>सुधारका पक्षहरु:</u>** नपामा बहाल विटौरी शुल्क प्रभावकारी संकलन तथा परिचालनका लागि देहाय अनुसार प्रस्ताव गरिएको छ,

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन गर्ने ।
- जमिन तथा संरचनाको भइरहेको उपयोग र प्रकृतिका आधारमा वर्गीकरण गरी बिटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अङ्क कायम गर्ने ।
- सार्वजनिक जग्गामा निर्माण तथा उपयोग भएका सबै आवासीय तथा व्यवसायिक भवनहरु वाटा बहाल विटौरी शुल्क संकलन गर्ने ।
- नपा क्षेत्रभिका सार्वजनिक पोखरी, हाट बजार सबैलाई बहाल विटौरी शुल्कको दायरामा ल्याई रकम संकलन गर्ने ।
- विद्यालय तथा अन्य निकायले संकलन गरीरहेको रकम नपाको मातहतमा ल्याउने ।

## *ग) नक्सा पास दस्तुर (पुरानो अभिलेखीकरण सहित):*

**<u>हालको अवस्था:</u>** नगरपालिकाले नक्सापास दस्तुरको संकलनको प्रावधान् आर्थिक ऐनमा व्यवस्था नगरेको र सो को संकलनका लागि पहल गरेको पाइदैन। यद्यपी,, यस शिर्षकमा चालु आवमा रु १०००००. अनुमान गरेकोमा हाल सम्म शुन्य रकम संकलन भएको देखिन्छ र विगतका आवमा आय संकलन भएको पाइदैन।

**<u>सम्भावना:</u>** नपामा प्रति वर्ग फिट औषत रु १२ लें वार्षिक ५० घरको नक्सा पास प्रतिघर औषत रु १५०००. दरले संकलन रु ७५००००. तथा पुस्तीकाको रु २५०००. थप आय हुने देखिन्छ । यसै गरी, पुराना नक्सापास नभएका घरहरुलाई नपाको दायरामा ल्याउन नपामा लगत संकलन र अभिलेख वापत रु ३५०० प्रति घर औषतले ६००० घरको एक पटकलाई रु २१००००००. आय हुने देखिन्छ । तर, यो रकम क्रमश संकलन हुने र तेश्रो वर्ष अन्त्य हुने अनुमान गरीएको छ।यसका साथै घर अभिलेखिकरणका लागि पुस्तीका विक्री बाट समेत रु ३००००००. आय सम्भावना देखिएको छ ।यस शिर्षकमा नपाको कुल बार्षिक आय सम्भाव्यता रु ८७७५०००. हुने देखिन्छ ।

### तालिका ३.९ः नक्सा पास दस्तुर (पुरानो अभिलेखीकरण सहित)

| करको शिर्षक | प्रति घर औषत रु | बार्षिक घर संख्या | वार्षिक कुल आय सम्भाव्यता रु | |
|---|---|---|---|---|
| नक्सा पास दस्तुर | १५००० | ५० | ७५०००० | बार्षिक १ घर करिव १२५० स्क्वायर फिटको वन्ने (सबै तलाको औषत) र प्रति स्क्वायर |
| घरनक्सा पुस्तीका | ५०० | ५० | २५००० | |
| पुराना घर अभिलेखिकरण | ३५०० | ६००० | २१०००००० | कुल घुरीमा २० प्रतिशत ऐलानी सरकारी जग्गाको घटाएको (यो शिर्षकको आय एक पटक मात्र हुने र नियमित वाि्षर््ाक आय नभएको ) |
| घर अभिलेखिकरण पुस्तीका | ५०० | ६००० | ३०००००० | यो शिर्षकको आय एक पटक मात्र हुने र नियमित वाि्षर््ाक आय नभएको। |
| **जम्मा** | | | २४७७५००० | अभिलेखिकरण र अभिलेखिकरणका लागि पुस्तिकाका ला्िग रकम कुल आय तीन वर्षमा संकलन भई सक्ने अनुमान जस अनुसार वार्षिक सम्भाव्यता रु ८७७५०००। |

*स्रोतः कर्जन्हा नपाको राजस्व शाखा, प्राविधिक शाखा र कार्यशाला समूह छलफल, २०८०*

**सुधारका पक्षहरुः** घरनक्सापास प्रकृयालाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि देहाय अनुसार अनुसार प्रस्ताव गरिएको छ,

- पुराना घरहरुको अभिलेखिकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने र घर लगत अभिलेखिकरण गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरु अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।
- नक्सापास प्रकृयालाई वाध्यात्मक वनाउने नीति निर्माण तथा कार्यान्वयन गर्ने ।

## घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्ने व्यवस्था ऐनले उल्लेख गरेको छ । यस शिर्षकमा रकम संकलनका लागि आर्थिक ऐनमा उल्लेख गरिएतापनि विगतका आवहरुमा आय संकलन नभएको र चालु आवमा बार्षिक रु २००००. अनुमान गरिएकोमा हाल सम्म रु २०००. मात्र संकलन भएको देखिन्छ ।

**सम्भावना :** यस शिर्षकमा आय सम्भावना न्युन रहेको देखिन्छ ।यद्यपी वार्षिक रुपमा करिव ५० वटा दर्ता तथा नविकरण कार्य गर्दा औषत रु ५०००. का दरले करिव रु २५००००. आय सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरुः** व्यवसाय रजिष्ट्रेशन शुल्क सङ्कलनमा सुधारका लागि निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ ः

- सम्बन्धित सबै व्यावसायिक फर्महरूलाई लक्ष्यित गरी दर्ता, अनुमती तथा नवीकरणका बारेमा जानकारीमूलक, सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- कार्यविधि तर्जुमा गरी दर्ता, अनुमती र नवीकरणलाई सरल, स्पष्ट तथा प्रभावारी बनाउने,
- अनुमति नलिई सञ्चालनमा रहेका संस्था, फर्म वा उद्योगलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने.

## ङ) सिफारिश तथा प्रमाणित दस्तुर (सिफारिस र नाता प्रमाणित):

**हालको अवस्थाः** नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरी संकलन गरि आएको छ । आव २०७८।७९ मा सिफारिस शिर्षकमा रु ५५४०००. र नाता प्रमाणित शिर्षकमा रु ९९०००. संकलन भएको देखिन्छ । चालु आवमा रु १५०००००. सिफारिस दस्तुर र रु

५००००. नाता प्रमाणित दस्तुर अनुमान गरिएको छ । जसमध्ये हालसम्म क्रमशः रु ७५४०००. रु ४३०००. संकलन भएको पाइन्छ ।

**सम्भावना:** नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुवाट वार्षिक करिव ९०७७ वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । प्रति सिफारिस औषत रु ५०० ले वार्षिक रु ४५३८५००। संकलन हुने सम्भावना देखिन्छ ।

**तालिका ३.१०: सिफारिस तथा प्रमाणित दस्तुर सम्बन्धी आय विवरण**

| करको शिर्षक | औषत रु | संख्या (दाता) | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|
| सिफारिस प्रमाणित | ५०० | ९०७७ | ४५३८५०० | |

*स्रोत: कर्जन्हा नपाको संगठन तथा व्यवस्थापन सर्वेक्षण मस्यौदा प्रतिवेदन, २०७९ र कार्यशाला समूह छलफल, २०८०*

## *च) सेवा शुल्क*

### च.१. पर्यटन स्थल

नपाले आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका पर्यटकीय स्थल सहित स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवामा शुल्क लिन पाउने थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरको छ ।यद्यपी यस स्थानमा हाल यस प्रकारको शुल्क संकलन भएको पाइदैन।

**सम्भावना:** सम्भावनाः वडा नं १ मा अवस्थित उत्तरबाहिनी बाबा तालमा पर्यटन शुल्क संकलन तथा परिचालनको सम्भावना भएको देखिन्छ । यद्यपी यहाँको शुल्क स्थानीय व्यवस्थापन समितिलेनै संकलन तथा परिचालन गर्दै आएको देखिन्छ । यसलाई नपा माताहत ल्याई शुल्क (ताल तथा भ्यू टावर प्रवेश) संकलन गर्न सकेमा बार्षिक १४४०० पर्यटकवाट रु ५० का दरले संकलन गर्दा ७२००००।आय सम्भावना देखिन्छ ।

### च.२. फोहरमैला (सरसफाई) व्यवस्थापन शुल्कः

**हालको अवस्था:** नपाले फोहोर मैला संकलन तथा व्यवस्थापन सेवा प्रदान वापत शुल्क लिन सक्ने व्यवस्था आर्थिक ऐनमा गरिएको छ ।हाल नपाले फोहोर संकलन गरिरेहेको तर शुल्क लिन बाँकी रहेको देखिन्छ । सम्म यस शिर्षकमा उल्लेख्य रकम संकलन भएको पाइदैन ।

**सम्भावना:** आवासिय घरहरुको ६० प्रतिशतवाट र उद्यम व्यवसायको ९० प्रतिशतवाट यस शिर्षकमा आय संकलन गर्न सकेमा कुल रु ८७७२०००।आय सम्भावना देखिन्छ ।

### तालिका ३.११: फोहरमैला व्यवस्थापन शुल्क सम्बन्धी विवरण

| करको शिर्षक | औषत बार्षिक रु | संख्या (दाता) वा घर | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|
| आवासीय घरहरु | १२०० | ५००० | ६०००००० | ६० प्रतिशत घरपरिवारवाट फोहोर संकलन गर्न पर्ने अनुमान |
| उद्यम व्यवसाय | ३६०० | ७७० | २७७२००० | करिव ९० प्रतिशत व्यवसाय तथा उद्यमवाट फोहोर संकलन गर्नुपर्ने अनुमान |
| **जम्मा** | | | ८७७२००० | |

*स्रोतः कर्जन्हा नपाको राजस्व शाखा र कार्यशाला समूह छलफल, २०८०*

## छ) सामुदायिक वनबाट प्राप्त हुने आय

**<u>हालको अवस्था ः:</u>** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ मा दफा ६२ ख थप गरे अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । यस नपामा यस शिर्षकमा आय संकलनको पहल हुन बाँकी देखिन्छ।

**<u>सम्भावना:</u>** यस नपाक्षेत्र भित्र करिव १४ वटा सामुदायिक वनहरु रहेको छलफलवाट तथ्याँक प्राप्त भएको छ, जसको बार्षिक विक्री रु ८४०००००. अनुमान गरिन्छ। कुल रकमको १० प्रतिशतले बार्षिक रु ८४००००. आय सम्भावना यस शिर्षकमा रहेको अनुमान गरिन्छ ।

**<u>सुधारका पक्षहरु:</u>** सामुदायिक वनको आय नपामा संकलन तथा परिचानलका लागि देहाय अनुसार गर्न सुझाव गरिन्छ:

- आर्थिक ऐनमा सामुदायिक वनको विक्रीवाट आय प्राप्त गर्ने कुरा समावेश गर्ने ।
- ऐन अनुसार बार्षिक रुपमा आफ्नो विवरण वुझाउन सामुदायिक वनलाई निर्देशन तथा समन्वय गर्ने ।
- आर्थिक ऐन अनुसार आय संकलन गर्न प्रभावकारी पहल गर्ने ।

## ज) घरजग्गा रजिष्ट्रशन शुल्क

संविधान तथा ऐन अनुसार नपाले घरजग्गा रजिष्ट्रेशन शुल्क वापद् आय सम्भावना देखिन्छ। नपाको अधिकार क्षेत्रभित्र पर्ने र सो रकम संकलन पश्चात ४० प्रतिशत प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । हाल सो जिम्मेवारी नपामा हस्तान्तरण हुन वाँकी रहेकोले, सो वापद्को ६० प्रतिशत रकम नपालाई हस्तान्तरण हुनु पर्ने देखिन्छ । जस अनुसार आव २०७९/०८० मा रु ८२०००००।प्राप्त भएको छ ।

# परिच्छेद ४: संस्थागत क्षमता तथा आय संकलन अवस्था

नपाले आन्तरिक आय (राजश्व) संकलन, व्यवस्थापन तथा परिचालनमा गरेका सस्थागत व्यवस्था, प्रयासहरु सहितका नीतिहरु र संकलनको अवस्थालाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

चालु र विगत आवहरुमा नपाको बार्षिक बजेट तथा कार्यक्रम दस्तावेजमा आन्तरिक राजस्व संकलन, परिचालन तथा व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति तथा कार्यक्रमहरु उल्लेख भएको पाइएन । तर नपाको आर्थिक ऐनमा विभिन्न शिर्षकमा आन्तरिक आय संकलन गर्ने कुरा उल्लेख साथै विभिन्न वर्गिकरण अनुसार दररेट तोकिएको पाइएको छ।

## ४.२ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

### *४.२.१ स्थानीय राजस्व परामर्श समिति*

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि पाँच सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ । तर समितिमा कानूनी प्रावधान अनुसारको उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग सम्बन्धी नगर स्तरीय अध्यक्ष वा तोकिएको प्रतिनिधि सदस्य तोकिनु पर्नेमा सो तोक्न बाँकी रहेको देखिन्छ। वर्तमान समिति सम्बन्धी विवरण देहायअनुसार रहेको छ:

**तालिका ४.१: स्थानीय राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | समितिःजिम्मेवारी |
|---|---|---|---|
| १ | लक्ष्मी कुमारी श्रेष्ठ | उपप्रमुख | संयोजक |
| २ | बुद्धीमान दनुवार | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | प्रकाश कोइराला | वडा अध्यक्ष/कार्यपालिका सदस्य | सदस्य |
| ४ | सुरेखा पासवान | कार्यपालिका सदस्य | सदस्य |
| ५ | कृष्ण कुमार सापकोटा | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

### *४.२.२ राजश्व शाखा र जनशक्ति*

नपामा आन्तरिक आय व्यवस्थापनका लागि राजस्व शाखा रहेको छ।तर प्रशासन शाखाको (दर्ता चलानी सहित) जिम्मेवारी पाएका दुईजना सहायक चौथो तहका कर्मचारी र एक जना कार्यालय सहयोगीलेनै प्रशासन शाखा र राजस्व शाखा व्यवस्थापन गरिरहेको देखिन्छ। राजस्व शाखामा कार्यरत कर्मचारी विवरण देहायअनुसार रहेको छ:

**तालिका ४.२ : राजश्व शाखामा कार्यरत कर्मचारी**

| क.सं. | नाम | पद | तह | नियुक्तीको प्रकार | थप जानकारी |
|---|---|---|---|---|---|
| १ | कृष्ण कुमार सापकोटा | राजस्व शाखा प्रमुख | सहायक, चौंथो | स्थायी | कृष्ण कुमार सापकोटा लाई प्रशासन शाखा प्रमुख र राजस्व शाखा प्रमुख समेत जिम्मेवारी दिइएको । यसका साथै प्रशासन शाखाको थप १ जना सहायक चौथो र कासले समेत राजस्व शाखाको काममा सहयोग गर्ने गरेको । |

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन अवस्था

### *४.३.१ नपाको समग्र आय परिचालनको अवस्था*

यस नपाको आन्तरिक आय आव २०७६।७७ देखि २०७७।७८ मा २१.३४ प्रतिशतले घटेको, २०७७।७८ देखि २०७८।७९ मा २७४.४६ प्रतिशतले बढेको र २०७८।७९ देखि २०७९।८० मा (आषाढ १९ सम्मको आय अनुसार) ८.३५ प्रतिशतले बढेको पाइन्छ । नगरपालिकाको विगत तीन आव र चालु आवको आन्तरिक आय सहितको बार्षिक आय सम्बन्धी विस्तृत विवरण देहाय अनुसार रहेको छः

**तालिका ४.३ः नगरपालिकाको कुल आय र बृद्धि**

*(रु हजार)*

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ २०७६/७७ | यथार्थ २०७७/७८ | वृद्धि प्रतिशत २०७६/७७-२०७७/७८ | यथार्थ ०७८/७९ | वृद्धि प्रतिशत २०७७/७८-२०७८/७९ | अनुमान ०७९/८० | आषाढ १९ सम्म् ०७९/८० | वृद्धि प्रतिशत २०७८/७९-२०७९/८० |
|---|---|---|---|---|---|---|---|---|---|
| १०००० | राजस्व तथा अनुदान | ३२७,२६६ | ३५०,२५८ | ७.०३ | ४३०,६७५ | २२.९६ | ४९७,२५५ | ३९७,२१९ | (७.७७) |
| | आन्तरिक आय | ८,८४६ | ६,९५८ | (२१.३४) | २६,०८३ | २७४.८६ | ४५,६७० | २८,२६१ | ८.३५ |
| ११३१३ | सम्पत्ति कर (सम्पत्ति कर) | – | – | NA | – | NA | १०० | – | NA |
| ११३१४ | भूमी कर÷मालपोत | – | – | NA | – | NA | ३०० | १,०९३ | NA |
| ११३२१ | घरजग्गा बहाल कर | – | – | NA | ५९ | NA | १०० | १४० | १३७.२९ |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | – | – | NA | – | NA | १,५०० | – | NA |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | – | – | NA | – | NA | – | – | NA |
| ११६३२ | जडीबुटी, कवाडी, जीवजन्तु कर | – | – | NA | – | NA | – | – | NA |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | वृद्धि प्रतिशत | यथार्थ | वृद्धि प्रतिशत | अनुमान | आषाढ १९ सम्म् | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७६/७७-२०७७/७८ | ०७८/७९ | २०७७/७८-२०७८/७९ | ०७९/८० | ०७९/८० | २०७८/७९-२०७९/८० |
| ११६९१ | अन्य कर | - | ६,९५८ | NA | १३,१८७ | ८९.५२ | - | - | (१००.००) |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | NA | - | NA | २० | २ | NA |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | NA | - | NA | १,००० | - | NA |
| १४१५७ | बाँडफाँड भइ प्राप्त दहत्तर वहत्तरको बिक्रीबाट प्राप्त हुने आय | - | - | NA | ७,६५७ | NA | २०,७०० | २०,७०० | १७०.३४ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | - | - | NA | - | NA | - | - | NA |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (फोहोरमैला व्यवस्थापन, र पर्यटन व्यवस्थापन) | - | - | NA | - | NA | - | - | NA |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (मूल्याङ्कन समेत) | - | - | NA | - | NA | २५० | - | NA |
| १४२४२ | नक्सापास दस्तुर | - | - | NA | - | NA | १०० | - | NA |
| १४२४३ | सिफारिश दस्तुर | - | - | NA | ५५४ | NA | १,५०० | ७५४ | ३६.१० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | - | - | NA | - | NA | - | - | NA |
| १४२४५ | नाता प्रमाणित दस्तुर | - | - | NA | ९९ | NA | ५० | ४३ | (५६.५७) |
| १४२४९ | अन्य दस्तुर | - | - | NA | - | NA | ५० | २ | NA |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | NA | - | NA | - | - | NA |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | वृद्धि प्रतिशत | यथार्थ | वृद्धि प्रतिशत | अनुमान | आषाढ १९ सम्म् | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७६/७७-२०७७/७८ | ०७८/७९ | २०७७/७८-२०७८/७९ | ०७९/८० | ०७९/८० | २०७८/७९-२०७९/८० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | - | - | NA | ३,११७ | NA | - | २,५०० | (१९.७९) |
| १४५२९ | अन्य राजस्व | ८,८४६ | - | (१००.००) | ९०३ | NA | २०,००० | ३,०२७ | २३५.२२ |
| १४६११ | व्यवसाय कर | - | - | NA | ५०७ | NA | - | - | (१००.००) |
| ३२१२२ | बैंक मौज्दात | १२४,६५८ | - | (१००.००) | १४५,४४९ | NA | ९७,६१० | ८७,६१० | (३९.७७) |
| | **राजस्व बाँडफाँड** | **५६,२९८** | **७१,८६८** | २७.६६ | **८२,३६५** | **१४.६१** | **९९,२५८** | **५८,४७४** | (२९.०१) |
| | **संघीय सरकार** | **५६,२९८** | **६९,१०१** | २२.७४ | **७९,८६९** | **१५.५८** | **९५,७३२** | **४६,७४८** | (४१.४७) |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५६,२९८ | ६९,१०१ | २२.७४ | ६०,३३० | (१२.६९) | ९५,७३२ | ४६,७४८ | (२२.५१) |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | - | - | NA | १९,५३९ | NA | - | - | (१००.००) |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | - | - | NA | - | NA | - | - | NA |
| १४१५६ | बाँडफाँड भई प्राप्त विद्युत्त सम्बन्धी रोयल्टी | - | - | NA | - | NA | - | - | NA |
| | **प्रदेश सरकार** | **-** | **२,७६७** | NA | **२,४९६** | (९.७९) | **३,५२६** | **११,७२६** | **३६९.७९** |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | - | २,७६७ | NA | २,४९६ | (९.७९) | ३,५२६ | ३,५२६ | ४१.२७ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (प्रदेशसँग राजस्व बाँडफाँड) | - | - | NA | - | NA | - | ८,२०० | NA |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | NA | - | NA | - | - | NA |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | वृद्धि प्रतिशत | यथार्थ | वृद्धि प्रतिशत | अनुमान | आषाढ १९ सम्म् | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७६/७७-२०७७/७८ | ०७८/७९ | २०७७/७८-२०७८/७९ | ०७९/८० | ०७९/८० | २०७८/७९-२०७९/८० |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | – | – | NA | – | NA | – | – | NA |
| १४१५६ | बाँडफाँटबाट प्राप्त हुने दहत्तरबहत्तर बिक्री बापतको आय | – | – | NA | – | NA | – | – | NA |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **२६२,१२२** | **२७१,४३२** | **३.५५** | **३२२,२२७** | **१८.७१** | **३५२,३२७** | **३१०,४८४** | **(३.६४)** |
| | **संघीय सरकार** | **२३७,९७५** | **२५१,२६७** | **५.५९** | **३०४,५८०** | **२१.२२** | **३२८,८६३** | **३०२,०२०** | **(०.८४)** |
| १३३११ | समानीकरण अनुदान | १०९००० | १०८६०० | (०.३७) | ११३८०० | ४.७९ | १२०,९०० | १०५,७५७ | (७.०७) |
| १३३१२ | शसर्त अनुदान चालु | १२८,९७५ | १४२,६६७ | **१०.६२** | १४२,५३० | (०.१०) | १३९,९३८ | १३९,९३८ | (१.८२) |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | – | – | NA | २३,९५० | NA | ३१,६२५ | ३१,६२५ | **३२.०५** |
| १३३१४ | विषेश अनुदान चालु | – | – | NA | – | NA | ११,७०० | – | NA |
| १३३१५ | विषेश अनुदान पूँजीगत | – | – | NA | १३,३०० | NA | ११,७०० | ११,७०० | (१२.०३) |
| १३३१६ | समपुरक अनुदान चालु | – | – | NA | – | NA | – | – | NA |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | – | – | NA | ११,००० | NA | १३,००० | १३,००० | **१८.१८** |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | – | – | NA | – | NA | – | – | NA |
| १३३१९ | अन्य अनुदान पूँजीगत | – | – | NA | – | NA | – | – | NA |
| | **प्रदेश सरकार** | **२४,१४७** | **२०,१६५** | **(१६.४९)** | **१७,६४७** | **(१२.४९)** | **२३,४६४** | **८,४६४** | **(५२.०४)** |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | यथार्थ | वृद्धि प्रतिशत | यथार्थ | वृद्धि प्रतिशत | अनुमान | आषाढ १९ सम्म् | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७६/७७-२०७७/७८ | ०७८/७९ | २०७७/७८-२०७८/७९ | ०७९/८० | ०७९/८० | २०७८/७९-२०७९/८० |
| १३३११ | समानीकरण अनुदान | ७१४७ | ७१६५ | ०.२५ | ७६४७ | ६.७३ | ८,४६४ | ८,४६४ | १०.६८ |
| १३३१२ | शसर्त अनुदान चालु | १०,००० | ८,००० | (२०.००) | ५,००० | (३७.५०) | - | - | (१००.००) |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | - | - | NA | - | NA | १०,००० | - | NA |
| १३३१४ | विषेश अनुदान चालु | ३,००० | ३,००० | - | ३,००० | - | - | - | (१००.००) |
| १३३१५ | विषेश अनुदान पूँजीगत | - | - | NA | - | NA | ३,००० | - | NA |
| १३३१६ | समपुरक अनुदान चालु | ४,००० | २,००० | (५०.००) | २,००० | - | - | - | (१००.००) |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | - | - | NA | - | NA | २,००० | - | NA |
| | **अन्य आन्तरिक अनुदान** | - | - | NA | - | NA | - | - | NA |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | - | NA | - | NA | - | - | NA |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान (लागत सहभागिता) | | - | NA | - | NA | | - | NA |
| | **जम्मा राजस्व** | ३२७,२६६ | ३५०,२५८ | ७.०३ | ४३०,६७५ | २२.९६ | ४९७,२५५ | ३९७,२१९ | (७.७७) |

*नोटः कुल रकममा बैंक मौज्दात नजोडिएको (गणना नगरिएको)* *स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

## *४.३.२ आन्तरिक आयको संरचना*

कर्जन्हा नपामा आन्तरिक आय मुख्य रुपमा प्राकृतिक श्रोतको विक्री र अन्य आयनै देखिन्छ । यसरी हेर्दा, नपाका मुख्य सम्भावित श्रोतहरु मालपोत, सम्पत्ती कर र व्यसाय कर आदिको परिचालन न्यून देखिन्छ ।यस सम्बन्धी विष्तृत विवरण देहाय अनुसार तालिकामा प्रस्तुत छः

**तालिका ४.४ नगरपालिकाको आन्तरिक आय संरचना**

*रु हजार*

| क्र. सं. | आय शिर्षक | आन्तरिक आय यथार्थ | आन्तरिक आय यथार्थ | आन्तरिक आय यथार्थ | आन्तरिक आय अनुमान | आन्तरिक आय (आषाढ १९ सम्म) | प्रतिशत | प्रतिशत (आषाढ १९ सम्म) |
|---|---|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०७९/८० | ०७८/७९ | ०७९/८० |
| १ | स्थानीय कर | NA | ६९५८ | १३७५३ | ५०० | १२३३ | ५२.७३ | ४.३६ |
| २ | सेवा शुल्क | NA | NA | ० | १७५० | ० | ०.०० | ०.०० |
| ३ | दस्तुर | NA | NA | ६५३ | १७२० | ८०१ | २.५० | २.८३ |
| ४ | बिक्री | NA | NA | ७६५७ | २०७०० | २०७०० | २९.३६ | ७३.२५ |
| ५ | अन्य आय | ८८४६ | NA | ४०२० | २१००० | ५५२७ | १५.४१ | १९.५६ |
| | आन्तरिक आय जम्मा | ८८४६ | ६९५८ | २६०८३ | ४५६७० | २८२६१ | १००.०० | १००.०० |

*नोटः कुल रकममा बैंक मौज्दात नजोडिएको (गणना नगरिएको).* *स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

**चित्र ४.१ नगरपालिकाको आन्तरिक आय संरचना**




*स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

### ४.३.३ कुल आयमा योगदान

यस नपाको कुल आयमा आन्तरिक आयको योगदान, आव २०७६।७७ मा २.७० प्रतिशत, आव २०७७।७८ मा १.९९ प्रतिशत, आव २०७८।७९ मा ६.०६ प्रतिशत र आव २०७९।८० मा (आषाढ १९ सम्मको आय अनुसार) ७.११ प्रतिशत देखिन्छ ।नगरपालिकाको विगत तीन आव र चालु आवको आन्तरिक आय सहितको बार्षिक आय सम्बन्धी विवरण देहाय अनुसार रहेको छः

**तालिका ४.५ः नपाको कुल आयमा आन्तरिक आयको योगदान**

*रु हजार*

| क्र सं | राजस्व संकेत | यथार्थ | यथार्थ | यथार्थ | अनुमान | यथार्थ (आषाढ १९) |
|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | ०७८/७९ | ०७९/८० | ०७९/८० |
| १ | आन्तरिक आय | ८,८४६ | ६,९५८ | २६,०८३ | ४५,६७० | २८,२६१ |
| २ | राजस्व बाँडफाँड संघीय सरकार | ५६,२९८ | ६९,१०१ | ७९,८६९ | ९५,७३२ | ४६,७४८ |
| ३ | राजस्व बाँडफाँड प्रदेश सरकार | - | २,७६७ | २,४९६ | ३,५२६ | ११,७२६ |
| ४ | वित्तिय हस्तान्तरण संघीय सरकार | २३७,९७५ | २५१,२६७ | ३०४,५८० | ३२८,८६३ | ३०२,०२० |
| ५ | वित्तिय हस्तान्तरण प्रदेश सरकार | २४,१४७ | २०,१६५ | १७,६४७ | २३,४६४ | ८,४६४ |
| ६ | अन्य आन्तरिक अनुदान | - | - | - | - | - |
| | जम्मा | ३२७,२६६ | ३५०,२५८ | ४३०,६७५ | ४९७,२५५ | ३९७,२१९ |
| | कुल आयमा आन्तरिक आयको प्रतिशत_ | २.७० | १.९९ | ६.०६ | ९.१८ | ७.११ |

*नोटः कुल रकममा बैंक मौज्दात नजोडिएको (गणना नगरिएको).*   *स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

**चित्र ४.२ः नपाको कुल आयमा आन्तरिक आयको योगदान**




*स्रोतः आर्थिक प्रशासन शाखा, कर्जन्हा नपा, २०८०*

## ४.४ राजस्व परिचालनका सवालहरू

यस कर्जन्हा नपामा आन्तरिक आय वृद्धिका लागि प्रभावकारी प्रयासको कमि देखिन्छ । कानूनी प्रावधान अनुसार आय संकलन तथा परिचालनमा व्यवस्थित र नतीजामूखि भएको पाइदैन । यस नपामा राजस्व परिचालका मुख्य समस्या तथा सवालहरु देहायअनुसार रहेका छन्ः

- **अधुरो समितिः** नपाको स्थानीय राजस्व परामर्श समितिमा उद्योग बाणिज्य संघ र घरेलु तथा साना उद्योग सम्बन्धित नगर स्तरीय समितिको अध्यक्ष वा तोकिएको प्रतिनिधि समेत सदस्य हुनु पर्नेमा सोको कमि देखिएको । जसले गर्दा नपाको आर्थिक ऐनमा निजिक्षेत्रको कर तथा शुल्कवारे योजना तथा छलफल कमि रहेको ।
- **शाखा वा इकाईको कार्य कक्ष कमिः** राजस्व संकलन, व्यवस्थापन र परिचालनका लागि भिन्नै शाखा वा इकाईको कमि देखिएको । हाल प्रशासन, राजस्व र दर्ता चलानकि लागि एउटै शाखा र सोका लागि एउटा कोटा उपलब्ध भएको । जसले गर्दा राजस्व संकलन, परिचालन र दर्ता चलानी सहित प्रशासनको कार्य गर्न केही असहज देखिएको ।
- **शाखामा कर्मचारी कमिः** राजस्व, प्रशासन र दर्ताचलानी कार्यका लागि २ सहायक चौथो तह र १ कासलाई जिम्मेवारी तोकिएको । कास वाहेक दुई जनाले राजस्व र प्रशासन सम्बन्धी सबै कार्य जिम्मेवारी सम्पन्न गर्दा जनशक्ति कमि भएको र राजस्व सम्बन्धी कार्य प्रभावकारी हुन नसकेको ।
- **सूचना प्रविधिमैत्री वडा र कर्मचारी कमिः** राजस्व संकलन, व्यवस्थापन र पचिालन तथा अभिलेखन कार्य व्यवस्थित गर्न आधुनिक सूचना प्रविधिमैत्री पद्दती महत्वपुर्ण हुन्छ । तर वडाका सम्बन्धित कर्मचारीहरु मध्ये अधिकाँसमा सो क्षमतामा कमि देखिएको छ ।
- **तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा अभिलेखन कमजोरः** नपाको अधिकार क्षेत्रभित्रका सबै क्षेत्रको सम्भाव्य करदाता संख्या तथा विवरण संकलन तथा अध्यावधिक कमि रहेको छ । साथै कार्यालयको दस्तावेज तथा सूचना तथ्याँकहरु समेत व्यवस्थित रुपमा खोजेको समयमा भेटन सक्ने अवस्था देखिदैन ।
- **आय संकलनमा उदासिनताः** नपाको आफ्नो अधिकार क्षेत्रको मुख्य आय स्रोत मालपोत, सम्पत्ती कर, घर बहाल कर, व्यवसाय कर तथा बहाल विटौरी शुल्क संकलन गर्न उदासिन भएको पाइन्छ। आन्तरिक आय श्रोतहरुका दायरा वृद्धि गर्ने र सो को संकलन तथा परिचालन व्यवस्थि गर्ने प्रभावकारी तथा ठोस योजना र पहलको अभाव देखिन्छ । पदाधिकारी तथा कर्मचारीहरु प्राकृतिक श्रोत, सिफरिस प्रमाणित आदि जस्ता सहज प्राप्त हुने श्रोतमा मात्र निर्भर रहेर, अभिकार क्षेत्रका अन्य शिर्षक तथा दायरावाट आय संकलनका लागि नीति तथा कार्यक्रम सहित प्रभावकारी पहल गरेको पाइदैन ।
- **करदातामैत्री वातावरण तथा संरचना कमिः** नगरपालिकामा कर तिर्न आउँदा करदाताका लागि लाम लाग्ने क्रममा बस्ने ठाउँ, पिउने पानीको व्यवस्था गर्नुपर्ने देखिएको छ । कर उठ्ने ठाउँको भौतिक सुविधामा पनि विस्तार गर्नु आवश्यक देखिन्छ ।

- **समन्वय तथा सहकार्य कमि :** राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । यसका साथै उद्योग बाणिज्य संघ र घरेलु तथा साना उद्यम क्षेत्रका प्रतिनिधिहरु राजस्व परामर्श समितिमा प्रतिनिधित्व नरहेको पनि देखिन्छ ।

- **प्रभावकारी नीति तथा कार्यक्रम कमि:** नपाको बार्षिक बजेट तथा कार्यक्रम दस्तावेजहरु अध्ययन गर्दा र मौखिक छलफल गर्दा आन्तरिक आय संकलन तथा व्यवस्थापन गरी आय वृद्धिका लागि स्पष्ट नीति तथा कार्यक्रमहरु निर्माणको कमि देखिन्छ । नीति तथा कार्यक्रम अभावमै आर्थिक ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको देखिन्छ । आर्थिक ऐनमा तोकिएका शिर्षकहरु मध्ये अधिकाँसमा आय संकलन भएको पाइदैन ।

- **आम्दानी गर्ने भन्दा खर्च गर्ने विषयमा छलफल तथा बैठक हुने गरेको:** यस नपाका अधिकाँस बैठक, छलफल र सहमति तथा विमतीहरु खर्च गर्ने विषयमा केन्द्रीत हुने गरेको पाइएको छ । स्थानीय राजस्व समितिको बैठकमा केहिलेकाँही आन्तरि आम्दानी वृद्धिको कुराहुने गरेपनि अधिकाँस कार्यपालिका तथा सभाका बैठकहरु खर्चमानै केन्द्रीत पाइएकोछ ।

Federal Development & Research Initiative Pvt. Ltd. 2077 Nepal

# परिच्छेद ५: राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्वका विविध पक्षहरू, आर्थिक, सामाजिक एवम् भौतिक विकासको अवस्थाको विश्लेषण साथै, सहभागितामूलक छलफलबाट नगरपालिकाको राजस्व सुधारका लागि विभिन्न सल्लाह सुझावहरू प्राप्त भएका छन् । यसरी प्राप्त सल्लाह सुझाव तथा सूचना एवम् तथ्याङ्क विश्लेषणका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी यस परिच्छेदमा प्रस्तुत गरिएको छ । राजस्व सुधार कार्ययोजना निम्नअनुसार मूलतः तीन क्षेत्रमा केन्द्रित गरिएको छ :

क. राजस्व प्रशासन सुधार
ख. कर राजस्व सुधार
ग. गैरकर राजस्व सुधार

## ५.१ राजस्व प्रशासन सुधार

**तालिका ५.१ ः राजस्व प्रशासन सुधार योजना**

| क्रसं | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| क) | **क्षमता विकास** | | |
| | स्थानीय राजस्व परामर्श समितिलाई पुर्णता प्रदान गर्ने (उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग सम्बन्धी समिति प्रतिनिधि सहित) । | २०८० साउन देखि कार्तिक भित्र | नगर कार्यपालिका र उपप्रमुख |
| | राजस्व शाखा तथा भौतिक पुर्वाधार व्यवस्थापन (अलग्गै कार्यकक्ष सहित) | २०८० कार्तिक देखि माघ भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | राजस्व शाखामा कर्मचारी व्यवस्थापन (राजस्व शाखाका लागि मात्र १ जना जनशक्ति परिचालन गर्ने) | २०८० कार्तिक देखि माघ भित्र | नगर कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृत |
| | कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम (राजस्व शाखाका कर्मचारी तथा वडा सचिवहरुका लागि नपाको कर संकलन तथा व्यवस्थान, एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण तथा राजस्वको अभिलेखीकरण र सूचना प्रविधिमैत्री लगायत क्षमता विकासका कार्यक्रमहरू) | २०८० कार्तिक देखि माघ भित्र | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |

| क्रसं | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | पदाधिकारी क्षमता अभिवृद्धि कार्यक्रम (राजस्व परामर्श समिति सदस्यहरूका निर्वाचित सबै जनप्रतिनिधिहरुका लागि नपाको कर संकलन तथा व्यवस्थान सम्बन्धी अभिमुखीकरण गरी करको दायरा र आकार वृद्धिमा उत्प्रेरित गर्ने) | २०८० साउन-असोज | राजस्व परामर्श समिति,प्रमुख प्रशासकीय अधिकृत |
| | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन (नपा क्षेत्रका सबै करदाताको तथ्याङ्क सङ्कलन गरी कम्प्युटर प्रणालीमा व्यवस्थित गर्ने) | २०८० कात्तिक-चैत | राजस्व प्रशासन शाखा र वडा कार्यालय |
| | नपाको बार्षिक बजेट तथा कार्यक्रममा राजस्व परिचालन तथा व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति तथा कार्यक्रम समावेश गर्ने र कार्यान्वयन गर्ने । | २०८१ वैशाख देखि आषाढ भित्र | राजस्व परामर्श समिति र नगर सभा |
| | राजस्व परामर्श समिति सहित कार्यपालिकामा आन्तरिक हाय वृद्धिका विषयका बैठकहरु वृद्धि गर्ने | २०८१ साउद देखि | नगर उपप्रमुख र नगर प्रमुख |
| **ख)** | **वातावरण निर्माण** | | |
| | करदाता कक्ष व्यवस्थापन (करदातालाई बस्ने तथा खानेपानीको उचित प्रबन्ध मिलाउने) | २०८० साउन-असोज | प्रमुख प्रशासकीय अधिकृत |
| | करदाता सम्मान (समयमा नियमित रुपमा कर तिर्ने तथा धेरै कर तिर्ने करदातालाई सम्मानित गर्ने) | २०८० भदौ-कात्तिक | राजस्व परामर्श समिति |
| | करदाता सूचना प्रणाली (करदाताले आफ्नो कर दायित्व सम्बन्धमा अग्रिम जानकारी पाउन सक्ने व्यवस्था) | २०८० कात्तिक-चैत | प्रमुख प्रशासकीय अधिकृत, राजस्व प्रशासन शाखा |

## ५.२ कर राजस्व सुधार योजना

### तालिका ५.२: कर राजस्व सुधार योजना

| क्र.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| क) | **सम्पत्ति कर** | | |
| | सम्पत्ति करयोग्यजग्गाको अभिलेखीकरण (करयोग्य घरजग्गाको अवस्थिति र तस्वीर करदाता नम्बरबाट हेर्न मिल्ने व्यवस्था गर्ने) | २०८१ असार | प्रमुख प्रशासकीय अधिकृत, राजस्व प्रशासन शाखा |
| | सम्पत्ती कर सम्बन्धी जनचेतनामूलक र प्रवद्र्धन कार्यक्रम गने | २०८१ साउन | राजस्व शाखा प्रमुख र वडा कार्यालय |
| ख) | **भूमि कर (मालपोत)** | | |
